परिच्छेदः एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक साम्पाङ र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन रहेको छ । यो शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

किरातहरू हिमालय शृङ्खलाको दक्षिणी क्षेत्रमा बसोवास गर्ने अति प्राचीन जातिमा पर्दछन् । यिनीहरू मङ्गोल नश्लका हुन् । हिमालय श्रृङ्खलाका दक्षिण क्षेत्र भनेको सम्पूर्ण काराकोरम हिमश्रृङ्खलाका दक्षिण पाटो हो । यो परिवार कहिलेदेखि यहाँ बसोवास गरे भन्दा यकिन गर्न नसकिए पनि आर्य (ककेसियन) हरू कबिला अवस्थामै वर्तमान सिन्धुमा विचरण गर्दै आइपुग्दा मानव वंशका एक जाति जसलाई हाल किरात भनिएको पाइन्छ (चाम्लिङ, २०६२ : १) ।

प्राचीन समयमा किरातीहरू एउटै भाषामा बोल्दथे । एउटै लिपिमा लेख्दथे । किनभने किरातकालीन शासनबाट यो कुरा स्पष्ट हुन आउँछ । यसैसन्दर्भमा भुवन प्रकाशन, विराटनगरबाट प्रकाशित “नेपाल परिचय (प्रश्नोत्तर)” मा लेखिएको छ- “...किरात जातिको शासनकालमा किरात भाषाको चलन थियो । राजभाषा त्यसैलाई भनिन्थ्यो । (राई, २०६७ : १४) ” तसर्थ किरात भाषाको स्वरूप विशाल भएको कुरामा कुनै शङ्का छैन । तर आज यो भाषाको अनादर भएको छ । विभेदितभएर कमजोर बनाइएको छ । स्वार्स्थवश जन्माइएका अचाहिँदा धारणाहरूलाई जनमासमा फैलाएर आज किरात भाषा, लिपि लोप गराउने प्रयास गरिरहेका छन् । मैत्रीपूर्ण सुझबुझको व्यवहार यहाँ हुन सकेको छैन । किरात भाषा-लिपिको प्रचार प्रसारमा सत्तापक्षबाट कुनै प्रेरणा पाउन सकिरहेको छैनन्।

साम्पाङ, वाम्बुले, चाम्लिङ, बान्तावा, बुङ्लावा, पुमा, थुलुङ, कुलुङ, खालिङ, नाछिरिङ, कोयू, वाहिङ, तिलुङलगायत ३० भन्दा ज्यादा खम्बू (राई) समूहका भाषाहरू छन् । जो एक आपसमा फरक-फरक छन् । यस अवस्थामा ‘खम्बू (राई)भाषा’ भनेर पुग्दैन यस लेखकले पटक-पटक खम्बू (राई) समूहका भाषाहरू भनेर उल्लेख गरिरहेको विषयमा सबैको ध्यानाकार्षण गरिन्छ । कुनै खम्बू राई भाषा सानो समूह र कुनै ठूलो समूहले बोल्ने गर्दछ भने कुनै भाषाहरूका वक्ता शून्यको स्थितिमा पुग्न लागेका छन् ।केवल कथ्य रूपमा मात्र

रहेका यी सबै भाषाहरू लोप भएको अवस्थामा जीवशास्त्री र भूगर्भशास्त्रीहरूले जीवहरूको अवशेष फेला पारेझैँ यी भाषाहरूको अवशेष फेला पर्ने छैन(राई,२०५७)।

'कृ' विक्षेप र 'अत' सातत्यगमने यी दुई धातुबाट बनेको किरात शब्दले वेद, पुराण, स्मृति, तन्त्रकोष आदि समस्त प्राचीन साहित्यको इतिहासलाई ओगटेको छ। निश्चय नै नेपालको किरात राई, लिम्बूहरूरभारतका किरातीहरू चीन तिब्बत जातिहरूसँग मिल्दाजुल्दा छन् र यी राई, लिम्बूहरूलाई नै किरात भनिन्छ। मूल किरातहरू आजका राईहरू नै हुन् भन्ने थाहा लाग्छ । किरातहरूले आफूले आफैँलाई 'किरावा' भन्छन् भने उनीहरूको जातीय मूल नाम पनि किराव नै हो । किरावाहरूले विभिन्न स्थानमा राज्य स्थापना गर्दै जाँदा समुद्र पर्यन्त भूभागलाई पराक्रमले जितेर शासन गरे त्यसपछि "किरमन्तति-गच्छन्तिये ते किराताः" संस्कृतमा पनि किरात हुन गएको अनुमानगर्नसकिन्छ। मूल किरातहरू राईहरू नै भएकोले र उनीहरूले 'किरावा' भन्ने गरेको हुँदा किरावा नै मूल जातीय नाम पनि हो र किरात नाम पछिबाट परेको मात्र हो । यही किरावा शब्द संस्कृत भाषामा पनि किरात हुन पुग्यो र ऋग्वेदमा 'किलात' पाली र प्रकृत भषामा 'चिलात' हुन पुग्यो । राज खरवेलको हाथिगुम्फाको गुफामा भएको शिलालेखमा 'चिलात' 'चिन-चिलात'र क्रियात 'चीन-चिलात' को उल्लेख पाइन्छ । साँचीस्तुपको ढुङ्गाको बारहरूमा किरातहरू चिरतिया (चिराता) हुन पुगेका छन् । जैनग्रन्थहरूमा पनि 'चिराता' नै हुन पुगेको छ भने पाली शासन वंश हिमवन्तो प्रदेशमा 'चिनरथ' उल्लेख हुन पुगेको छ (राई,२०५७, पृ. ३५)।

"हंछा पोका हकुंबुङ्पी चासापोका नेवालापी बुलुपोका चेथालापी" यी मुन्धुमका अंशबाट थाहा लाग्छ कि हंछा (मानव) किरातको उत्पति थलो हर्कबुङ्लाई किटान गरिएको छ । यसरी उत्पतिको क्रमसँगै बिकसित भएर गएको एक किराती खम्बुको थर हो- साम्पाङ (साङपाङ) यी किरात साम्पाङहरू माझ किरातका आदिबासीका रूपमा चिनिन्छन् । यो जातिको आफ्नो छुट्टै भाषा, संस्कार, रीतिरिवाज, रिदुम, मुन्धुम रहेको छ । त्यसैले पनि साम्पाङ राईलाई आदिम थलोको ऐतिहासिक जाति भन्न सकिन्छ (राई,२०६५/०६६)।

यी लेखहरूलाई अध्ययन गर्दा साम्पाङ (राई) हरूसाम्पाहाङका सन्तानहरू सिलिचुङ पर्वत लेखि ताप्खोला र वानावा खोला बीचको खोक्माको साम्फेलुङलाई घर बनाइ राज गर्ने साम्फहाँ नै पूर्खा मानिएको साम्पाङ भाषाका मुन्धुम, जनश्रुति र पुर्खाहरू यसका प्रमाण छन् तर जसको पहिचान भाषा जीवितै भएपनि अध्ययन अनुसन्धानको अपरिहार्यता रहेको छ ।

यही कारणले प्रस्तुत अध्ययनमा नेपाली र साम्पाङ भाषाका व्याकरणिक कोटिहरूको तुलनालाई प्रमुख विषयवस्तु बनाइएको छ ।

१.२ समस्या कथन

नेपालमा बोलिने चार भाषा परिवार मध्येका भोट चिनीया परिवारको एउटा शाखा हो साम्पाङ भाषा । यसको मूल थलो खोटाङ जिल्ला भएतापनि यस भाषाको स्वरूप र अवस्थाका बारेमा अध्ययन हुन सकिरहेको छैन । त्यसैले यस भाषाको व्याकरणात्मक व्यवस्थाभित्रको पदसङ्गतिको अध्ययन गर्नु अपरिहार्य भएको हुनाले यस साम्पाङ र नेपाली भाषाका पदसङ्गतिमा रहेका समानता र भिन्नतालाई उजागर गर्नु मुख्य समस्या बनाइएको छ । खासगरी प्रस्तुत शोधकार्य निम्नअनुसारका समस्यामा केन्द्रित रहेको छ :

क. साम्पाङ भाषाको पदसङ्गतिको व्यवस्था कस्तो रहेको छ ?

ख. साम्पाङ भाषा र नेपाली भाषाका पदसङ्गतिगत व्यवस्थामा केकस्ता समानता र भिन्नता रहेका छन् ?

१.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नअनुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

क.साम्पाङ भाषाको पदसङ्गतिगत व्यवस्थाको अध्ययन गर्नु

ख.साम्पाङ र नेपाली भाषाका पदसङ्गतिमा पाइने समानता र भिन्नता केलाउनु

१.४ अध्ययनको औचित्य

साम्पाङ राईहरूले बोल्ने भाषा'साम्पाङ' भाषा हो । तर आज यो भाषा प्रयोगको रूपमा लोपोन्मुखतातिर धकेलिदै गएको हुँदा साम्पाङ भाषाको पदसङ्गतिको अध्ययन गरी साम्पाङ भाषाको संरक्षरण र नेपाली भाषा बीचको तुलनान्मक अध्ययन गर्न आवश्यक भएकाले यो अध्ययन गरिएको हो । यसमासाम्पाङ र नेपाली भाषाको पदसङगतिगत विशेषताका बारेमा प्रकाश पारिने भएकाले र यसका बारेमा जानकारी लिन चाहने जोकोहीलाई यस अनुसन्धानले सहयोग पुऱ्याउने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

१.५ अध्ययनको क्षेत्र र सीमाङ्कन

क. यसमा साम्पाङ र नेपाली भाषाको पदसङ्गतिगत व्यवस्थाका बारेमा तुलनात्मक अध्ययनगरिएको छ ।

ख.यस शोधको क्षेत्र खोटाङ जिल्लाको केपीलाशगढी गाँउपालिका वडा नं. १ फेदी, वडा नं. २ खार्ताम्छा,वडानं. ३ बाँसपानी र मम्फुवागढी रूपाकोट न.पा. वडा नं. १० पाथेकाको साम्पाङ भाषी वृद्धदेखि युवा सम्मका ५ वा सोभन्दा बढी व्यक्तिहरूबाट सामग्री सङ्कलन गरिएको छ । यस शोधकार्यका लागि १ नरभक्त राई म.रु.न.पा.१० पाथेका२.बालहिरा राई म.रु.न.पा.१० पाथेका३.काजीमान राई म.रु.न.पा.१० पाथेका४.हर्कवीर राई म.रु.न.पा.१० पाथेका (उपप्राध्यापक, दिक्तेल बहुमुखी क्याम्पस)५.अरुण प्र. राई केपीलासगढी गा. पा .१ फेदी खोटाङ६.डिकमणी राई केपीलासगढी गा. पा. ३ वाँसपानी खोटाङ ७.शुभकला राई केपीलासगढी गा. पा. २ खार्ताम्छा व्यक्तिहरूबाट सामग्री लिइएको छ ।

ग. यसमा नेपाली र साम्पाङ भाषाका पदसङ्गतिको मात्र तुलनात्मक अध्ययन गरिएको छ । यसबाहेकका अन्य पक्षहरू यस अध्ययनका सीमा हुन् ।

परिच्छेदः दुई

सम्बन्धिन्त साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

चापागाई (२०६२) को नेपाली शब्दसागरकाअनुसारपदसङ्गति शब्दलाई अध्ययन गर्दा पद+सङ्गति दुई शब्द जोडिएर व्युत्पादन भएको पाइन्छ । 'पद' शब्दको अर्थ गोडा वा खुट्टा र 'सङ्गति'को अर्थ चाल हुन्छ । गोडाको चाल नमिल्दा हिंड्ने व्यक्ति लडेर गन्तव्यमा पुग्न सक्दैन त्यस्तै भाषामा पनि भाषा र व्याकरणको मेल नभएमा अनर्थ हुन जान्छ । त्यसैले भाषा अर्थयुक्त हुन पदहरूको सङ्गति मिल्नु पर्दछ ।

ज्ञवाली र भट्टराई (२०६४), वाक्य संरचनामा आएका दुई ओटा वा सो भन्दा बढी एकाइहरू (शब्दहरू) ले समान रूपगत अभिलक्षण देखाउनु सङ्गति हो (शर्मा,२०६०, पृ१७) । वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपायनिक मेल वा अनुकुलनलाई सङ्गति भनिन्छ । यस्तो सङ्गतिमा विशेष गरेर कर्ता र क्रियापद तथा विशेष्य (नाम र सर्वनाम) र विशेषणका बीचको मेललाईलिइन्छ । वाक्यमा लिङ्ग, बचन, पुरुष तथा आदरका दृष्टिले कायम हुने सङ्गति नेपालीमा विशेष महत्त्वपूर्ण हुन्छ भनी हेमाङ्गराज अधिकारी (२०६१, पृ७५) ले बताएका छन् । यसैगरी वाक्यमा प्रयोग हुने नाम, सर्वनाम, विशेषण र क्रियाबीच लिङ्ग, वचन, पुरुष र आदारका आधारमा हुने आपसी मेल वा सम्बन्धलाई पदसङ्गति भनिन्छ ।

न्यौपाने र अन्य (२०६७ पृ. १४६) भाषाको न्यूनतम अर्थयुक्त एकाइ रूप हो भने रूपहरू मिलेर शब्द र पदको निर्माण भएको हुन्छ । त्यसैगरी पदहरू मिलेर पदावली र वाक्यको निर्माण हुन्छ । वाक्य नै भाषाको पूर्ण अर्थयुक्त भाषिक एकाइ हो । यसरी वाक्यमा प्रयोग भएका कर्ता, कर्म, क्रिया, नाम, सर्वनाम र विशेषण आदि बुझाउने शब्द पद हुन् । तिनीहरूका बीच हुने लिङ्ग, वचन, पुरुष र आदारका आधारमा व्याकरणात्मक नियमअनुसारको मेल नै पदसङ्गति हो । पदसङ्गति नभएमा भाषा अस्वाभाविक र हाँस्यस्पद मात्र नभएर अर्थ सम्प्रेषणमा समेत बाधा पर्न सक्छ ।वाक्यात्मक संरचरणाभित्रका घटकहरूका बीचमा लिङ्ग, वचन, पुरुष र आदारका आधारमा हुने मेललाई सङ्गति भनिन्छ । सङ्गति रूपायनात्मक भाषासँग सम्बन्धित व्याकरणात्मक अभिलक्षण हो । यसर्थ वाक्यभित्र आउने पदहरू परस्पर रूपायनमा नियन्त्रण हुने प्रकृयालाई सङ्गति भनिन्छ ।

सङ्गति रूपायात्मक तथा प्रत्ययप्रधान भाषासँग सम्बन्धित हुनाका साथै नाम, सर्वनाम, विशेषण र क्रियापदजस्ता रूपायनात्मक एकाइसँग अन्तरसम्बन्धित रहेको हुन्छ ।

यसरी अध्ययन गर्दा वर्ण, पद, शब्दहरू, लिङ्ग, वचन, पुरुष (नाम,सर्वनाम, विशेषण र क्रियापद) बीचको अर्थयुक्त मेललाई नै पदसङ्गति भनिन्छ ।

२.२सम्बन्धित साहित्यकोपुनरवलोकन

यस शोधकार्यमायस विषयमा यसभन्दा अगाडि भएका वा अध्ययन गरिएका केही पूर्वकार्यहरूलाईकालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

सुवेदी (२०६०) द्वारा कक्षा ६ मा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन यहाँ प्रस्तुत गरिएको छ । यस अध्ययनमा कक्षा ६ मा अध्ययनरत गुरुङ्भाषी विद्यार्थीहरूको नेपाली वाक्यगठन सम्बन्धी त्रुटिहरूको पहिचान, वर्गीकरण तथा त्रुटि निराकरणका उपायहरू पहिल्याउने मुख्य उद्देश्य राखिएको छ । गुरुङ्भाषी विद्यार्थीहरू अध्ययन गर्ने ४ वटा विद्यालयका ४० जना विद्यार्थीहरूलाई नमूना मानी सामग्री सङ्कलन गरिएको सो अध्ययनमा वस्तुगत र स्वतन्त्र लेखन सम्बन्धी तीन किसिमका प्रश्नावलीहरूको प्रयोग गरिएको छ ।

राई (२०६३) ले नेपाली र बान्तावा भाषाका व्याकरात्मक कोटिहरूको व्यतिरेकी अध्ययन शीर्षकमा शोधकार्य गरेका छन् । यसमा वान्तावा भाषाको सामान्य परिचय दिने, बान्तवा भाषाको विशेषता औँल्याउने, नेपाली र बान्तवा भाषाका व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव र वाच्यको व्यतिरेकी अध्ययन गरी समानता र भिन्नता देखाउने उद्देश्य राखिएको छ ।

राई (२०६४) द्वारा वान्तावा र नेपाली भाषाका रूपमा व्यतिरेकी अध्ययन शीर्षकको शोधपत्र तयार पारिएको छ । उनले पदवर्ग र व्याकरणात्मक धारामा आधारित भई बान्तावा भाषामा द्विवचन तथा त्रित्वको धारणा हुने कर्म र भाववाच्य नहुने साथै क्रियामा लिङ्गसङ्गति नहुने जस्ता कुराको चर्चा गरेका छन् ।

महर्जन (२०६५) लेनेवारी र नेपाली भाषा वाक्य सङ्गतिको व्यतिरेकी अध्ययन शीर्षकको शोधकार्य प्रस्तुत गरेका छन् । प्रस्तुत शोध कार्यको मुख्य उद्देश्य नेपाली भाषाका वाक्य गठनको व्यतिरेकी विश्लेषण गर्नु, नेवारी भाषीले नेपाली भाषाको वाक्यगठनमा गर्ने सम्भावित त्रुटिका क्षेत्रहरू पहिल्याउनुका साथै नेवारी र नेपाली भाषाका वाक्यगठनमा देखा परेका विशेषताहरू पहिल्याउनु रहेको छ । यसमा वाक्य भित्रका लिङ्ग, वचन, पुरुष र

आदर विषयको सङ्गतिलाई मात्र समावेश गरेको पाइन्छ । यसबाट नेपाली भाषाका वाक्य संरचनामा कर्ता, क्रियापद, विशेषण र विशेष्य, भेदक र भेद्य प्रभावित हुन्छन् भने नेवारी भाषाका वाक्य संरचनामा अप्रभावित देखिन्छ ।

निरौला (२०६६) लेकिसान भाषाको अध्ययन नामक शोधपत्रमा किसान भाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन प्रस्तुत गरेका छन् । प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य झापा जिल्लाको उत्तरपूर्वी भागमा बसोवास गर्दै आएका किसान जातिको परिचय, किसान जातिको भाषिक अवस्था, किसानको सामाजिक, सांस्कृतिक, धार्मिक अवस्थाको जानकारीका सार्थै किसान भाषा र नेपाली भाषाको भाषिक संरचनाको व्यतिरेकी अध्ययन रहेको पाइन्छ ।

राई (२०६६) द्वारा नेपाली भाषा र वान्तावा भाषाको पदवर्ग तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र तयार गरिएको छ । यसमा नेपाली भाषाका पदवर्गलाई राखेर बान्तावा भाषाको पदवर्गसँग तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ । उनको पदवर्गका नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियाविशेषण, संयोजक, विस्मयादिबोधक र निपातको चर्चा गरिएको छ ।

गौतम (२०६७) द्वारा तामाङ र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य तयार पारिएको छ । तामाङ भाषामा नेपालीमा जस्तो उद्देश्यअनुसार लिङ्ग, वचन र पुरुषका आधारमा विधेय नरहेको, विशेषणको वचनगत भिन्नता नभएको, बहुवचन बनाउन कादे प्रत्यय जोड्नु पर्ने, भेदको रूपमा ला को प्रयोग भएको, आदरार्थी तह तीन ओटा देखिएको, सामान्य वर्तमान कालमा धातुमा ला प्रत्यय, सामान्य भूतमा धातुमा जी प्रत्यय र सामान्य भविष्यतमा सेलामुला/तासेलामुला प्रत्यय थपेर क्रियाको रूप निर्धारण भएको निष्कर्ष निकालिएको छ ।

खड्का (२०६८)द्वारा रूपायनिक कोटिका आधारमा लिम्बू र नेपाली भाषाको व्यतिरेकी अध्ययन शीर्षकको शोधपत्रमा पान्थरे, फिदिमे, तमरखोले, छथरे लिम्बू जातिले बोल्ने लिम्बू भाषाका रूपायनिक कोटिहरूलाई नेपाली भाषाका रूपायनिक कोटिहरूहरूसँग तुलना गरिएको छ । सो अध्ययनले रूपायनिक कोटिका आधारमा लिम्बू भाषाका र नेपाली भाषाको व्यतिरेकी अध्ययन गर्दै लिम्बू भाषा र नेपाली भाषामा पाइने समनता र भिन्नताको खोजी गर्दै लिम्बू भाषिकलाई दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्दा आइपर्ने कठिनाइहरूको खोजी गर्नुमा यो अध्ययनको उद्देश्य केन्द्रित रहेको छ । यसमा विकारी वर्गअन्तर्गत रूप चल्ने नाम, सर्वनाम, विशेषण र क्रियाको रूपायण प्रस्तुत गरिएको छ । यी

दुवै भाषामा नामको लिङ्ग, वचन, आदार र कारक र आधारमा सर्वनामको वचन, पुरुष, कारक र आदरका आधारमा र विशेषणको लिङ्ग, वचन, कारक र आदर जस्ता रूपायनिक कोटिहरूका आधारमा, रूपायन गरिएको छ । त्यसैगरी क्रियाको कोटिहरूका आधारमा रूपायन गरी प्रस्तुत गरिएको छ ।

सुनुवार (२०६८) द्वारा सुनुवार र नेपाली भाषाको पदसङ्गतिसम्बन्धी तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र तयार पारिएको छ । यस शोधकार्यमा सुनुवार भाषामा नाम, सर्वनाम, विशेषण र क्रिया अविकारी (अव्यय) पदमा रहने हुनाले लिङ्ग, वचनका आधारमा रूप परिवर्तन नहुने, विशेषणको व्यपकता नभएको, अकरण बनाउँदा अन्त्यमा मा उपसर्गको प्रयोग हुने साथै क्रियामा लिङ्गभेद नभएको अर्थात् पदसङ्गति हुँदा क्रियामा लिङ्ग, वचन र पुरुषको प्रभाव नपर्ने, आदरको प्रभाव भएको तथा विशेषण र विशेष्यको पनि सङ्गति नपाइने, धातुमा चा प्रत्यय जोडिँदा क्रियापद बन्ने, पुकी, प्रत्यय जोडिँदा एकबचन नाम बहुवचन बन्ने आदि निष्कर्ष निकालिएको पाइन्छ ।

राई (२०६९) द्वारा वान्तावा र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य गरिएको छ । उक्त शोधकार्यका अनुसार नेपाली वाक्यमा आएका कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरमा हुन्छ त्यहीअनुसार क्रियाको मेल हुनुलाई कर्ता र क्रियाबीचको सङ्गति भनिन्छ । यो व्यवस्था नेपाली भाषामा पाइन्छ । बान्तावा भाषामा पनि कर्ता र क्रियाबीचको सङ्गति पाइन्छ तर लिङ्गका आधारमा नभई वचन पुरुष र आदरका आधारमा मात्र सङ्गति देखिन्छ । नेपालीमा कर्मवाच्य र भाववाच्यमा पनि सङ्गति पनि देखिँदैन् । नेपाली वाक्यहरूमा नाम जुन वचन, पुरुष र आदारमा छ सर्वनाम पनि त्यहीअनुसारको हुनुलाई नाम र सर्वनामबीचको सङ्गति भनिन्छ । नेपाली भाषामा विशेषण र विशेष्यका साथै भेदक र भेद्यबीच पनि लिङ्ग वचन र आदरका आधारमा पनि सङ्गति पाइन्छ

२.३ सम्बन्धित साहित्यको उपादेयता

यी माथिका पुनरवलोकनको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्न साम्पाङ र नेपाली भाषाका व्याकरणात्मक पक्षको पदसङ्गतिमा रहेको समानता र भिन्नता छुट्याउनका साथै साम्पाङ भाषालाई व्याकरणिक बनाउन सहयोग पुऱ्याउने भएकाले यिनीहरू उपयोगी रहेका छन् । नेपाली भाषा र नेपालमा बोलिने भोटबर्मेली परिवारका अन्य मातृभाषाहरू बीच पदसङ्गति, व्यतिरेकी विश्लेषण, त्रुटि बिश्लेषण लगायतका क्षेत्रमा

अध्ययन अनुसन्धान भइसकेको तर साम्पाङ भाषामा पदसङ्गतिमा पनि तुलनात्मक अध्ययन हुन बाँकी रहेको हुँदा यस शोधले पूरा गर्ने छ ।

२.४सैद्धान्तिक/अवधारणात्मक ढाँचा

यस शोधको सैद्धान्तिक/अवधारणात्मक ढाँचा साम्पाङ र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन भएको हुँदा चित्रमा यसलाई निम्नअनुसार देखाइएको छ :



परिच्छेद : तीन

अध्ययनको विधि तथा प्रक्रिया

३.१ अध्ययनको ढाँचा

यो शोधकार्यका रूपमा मुख्यतः पुस्तकालयीय विधि तथा आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

३.२ अध्ययनको जनसङ्ख्या र नमुना अध्ययन

प्रस्तुत अध्ययनमा खोटाङ जिल्लाका ५ ओटा (वासपानी, खार्तामछा, फेदी, पाथेका र खार्मी) गा.वि.स.का साम्पाङ भाषी अध्ययन गर्ने विद्यालयहरू (राष्ट्रिय मा.वि. वासपानी, शुक्रजित मा.वि. खार्तामछ, कुहुडाँडा मा.वि. फेदी, सरस्वती मा.वि. पाथेका, कालीका मा.वि. खार्मी) का विद्यार्थीहरू, नेपाली भाषा शिक्षक, प्रधानाध्यापक र सोही गा.वि.सका भाषाविद्हरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । अनेक कारणले गर्दा जिल्ला भरिका सम्पूर्ण विद्यालय तथा गा.वि.स.लाई अटाउन नसकिने हुँदा माथि उल्लेखित गा.वि.स. र मा.वि.हरू छनौट गरी उक्त विद्यालयका प्र.अ., विषय शिक्षक १/१ जना, विद्यार्थी २/२ जना, र छनौट गरिएका गा.वि.स.हरूका १/१ जना भाषाविद्लाई नमुनाको छनौटका रूपमा लिइएको छ ।

३.३ नमुना छनोट प्रक्रिया

यस शोधकार्यमा नमुना छनोटका लागि सम्भावना नमुना छनोट विधिअन्तर्गत पर्ने स्तरीकृत नमुना छनौट प्रक्रिया प्रयोगमा ल्याइएकोछ । प्रस्तुत अध्ययनका लागि भाषिक पृष्ठभूमि, भौगोलिक क्षेत्र, जातिगत विविधताजस्ता आधारमा नमुना छनोट गरिएको छ । यस अध्ययनमा साम्पाङ र नेपाली भाषामा पदसङ्गतिको तुलनात्मक अध्ययनमा नाम, सर्वनाम, विशेषण र क्रियापदमा लिङ्ग, वचन, पुरुष तथा आदरको सङ्गति समावेश गरी नमुना छनौट प्रक्रिया अवलम्बन गरिएको छ ।

३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

सामान्यतया अध्ययनका क्रममा निम्नलिखित सामग्रीहरू प्रयोगमा ल्याइएको छ :

क) प्राथमिक सामग्री : प्रस्तुत शोधकार्यका सिलसिलामा छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, शिक्षक र भाषाविद्हरूको लागि अन्तर्वार्ता सूची, छलफल सूचना संकलनको साधनको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका क्रममा अन्तर्वार्ता सूची तयार गरी प्रत्यक्ष सरोकारवालहरूसँग गई अन्तर्वार्ता लिइएको छ । यस शोधकार्यसँग

सरोकार राख्ने सम्पूर्ण उत्तरदाता र सरोकारवाहरूलाई भेला गराई छलफल गराई सूचना सङ्कलन गरिएको छ ।

ख) द्वितीयक/गौण सामग्री : प्रस्तावित शोधकार्यमा द्वितीयक/गौण सामग्रीका रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोधकार्यहरू, शब्दकोश, पाठ्यपुस्तकहरू तथा निर्देशकको सल्लाह आदिलाई आधार मानी सामग्री सङ्कलन गरिएको छ । यसका साथै आवश्यकता अनुसार पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिलाई आधार बनाई अध्ययन विश्लेषण गरिएको छ ।

३.५तथ्याङ्क सङ्कलन प्रक्रिया

परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापक तथा नेपाली विषय शिक्षक विद्यार्थीहरूलाई अन्तर्वार्ता लिइएको छ । यस शोधकार्यका बन्द र खुल्ला अन्तर्वार्ता सूचीको प्रयोग गरिएको छ ।

३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

यस शोधकार्यको तेस्रो परिच्छेदमा नमुना छनोटमा परेका सम्पूर्ण प्र.अ., भाषाविद्, नेपाली भाषा शिक्षक, विद्यार्थीहरूको र भाषाविद्बाट आएको साम्पाङ र नेपाली भाषामा पदसङ्गतिको व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस सन्दर्भमा नाम, सर्वनाम, विशेषण र क्रियापदमा लिङ्ग, वचन, पुरुष तथा आदरको सङ्गतिका आधारमा विश्लेषण गरिएको छ ।

परिच्छेदः चार

साम्पाङ र नेपाली भाषामा पदसङ्गतिको तुलनात्मक अध्ययन

४.१. साम्पाङ भाषाको परिचय

नेपाल एक बहुभाषिक मुलुक हो । वि.स. २०६८ को जनगणना अनुसार यहाँ भारोपेली, चिनीय, तिब्बती, आग्नेली र द्रबिड गरी चार भाषा परिवारका जम्मा १ सय २३ भाषाहरू बोलिन्छन् । तीमध्ये केही भाषाहरू मात्र अध्ययन अनुसन्धानको दायरा भित्र पर्न सफल छन् । कतिपय भाषाहरू लोपन्मुख अवस्थामा पनि पुगेका छन् । नेपालमा भाषा सम्बन्धी चिन्तन मनन् गर्ने परम्परा पहिले देखि नै भएको पाइए पनि औपचारिक रूपमाभाषा सम्बन्धी अनुसन्धान भने धेरै पछिमात्र शुरु भएको देखिन्छ । यहाँका भाषाहरूमध्ये केही मानवीकरण र स्तरीकरणमा पुगेका छन् भने केही विकासको गतिमा लम्किरहेको पाइन्छ । अधिकाशं भाषाको विकास हुन सकेको पाइँदैन र कतिपय भाषाहरू लोपोन्मुख अवस्थामा समेत पुगेको पाइन्छ । यस्तो सन्दर्भमा भाषाको संरक्षण र विकासका लागि भाषिक अनुसन्धानमा प्रशस्त मात्रामा हुनुपर्ने देखिन्छ (निउरे र घिमिरे,२०७०:पृ.१०) ।

त्यसैले मानक व्याकरण उपलब्ध भाषाहरूको व्याकरणिक ढाँचालाई आधार मान्दै मातृभाषको स्वरूपलाई ख्याल गरी व्याकरणात्मक कोटिमा पुऱ्याइ प्राण भर्नु पनि भाषिक अनुसन्धानको मुख्य विषय हुन आउँछ । संसारमा बोलिने भाषाहरूमध्ये भोटबर्मेली (चिनिया तिब्बती) परिवारको साम्पाङ भाषाको पदसङ्गति र साम्पाङ नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन गर्ने उद्देश्यका साथ साम्पाङ र नेपाली भाषाका पदसङ्गति लिङ्ग, वचन, पुरुष र आदरका आधारमा तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ ।

४.१.१ साम्पाङ भाषाको उत्पति

पहलमान साम्पाङ राईको हस्तलिखित वंशावली र खगेन्द्र साम्पाङ राईको 'किरात खम्बू साम्पाङ राई' संक्षिप्त परिचयलाई अध्ययन गर्दा पृथ्वीको उत्पति पश्चात पारूहाङ्, हावा, समुद्रमा पानीको फिंज, धमिरा (छिचिमिरो), देउलीङ्गे च्याउ, सेम्नीमा किरा, पारूहाङ+नायुम्माको माइला सन्तान हुँदा (मनुष्य) को जन्म भएको देखिन आउँछ । (साल्पा+रिब्रिमा) का तीन सन्तानमा जेठा-मुकाबुङ, माइला-हर्कबुङ् र कान्छा-रिबल्बुङ्का सन्तानहरूमा जेठा-मुकाबुङका तीन सन्तानहरू भोटे, तामाङ र गुरुङ, माइला हर्कबुङ्का तीन सन्तानहरूमा जेठा खम्बू (राई), माइला लिम्बू र कान्छा सुनुवार, कान्छा रिबलबुङ्का

सन्तानहरू जेठा थारु, माइला दनुवार, कान्छा धिमाल भनी उल्लेख भए अनुसार साल्पाको माइला पुत्रको जेठो पुत्रको रूपमा किरात खम्बू राई रहेको पाइन्छ (राई,२०६१, पृ.२४)।

लाइट अफ एसिया उपाधिबाट विभूषित महामानव प्राचीन किरात परिवारका गौतम बुद्ध जन्मनु भएको लुम्बनी (कपिलवस्तु जिल्ला) भन्दा केही पर रूपन्देही जिल्लामा पर्ने बुटवल नगरको तिनाउ नदी किनारको पहरामा नेपाल र अमेरिकी सरकारको संयुक्त अन्वेषण टोलीले प्राचीन मानवको बङ्गारो फेला पारेको थियो। विशेष परीक्षण गरिँदा १ करोड १० लाख वर्ष पुरानो रामापेथिकस प्राचीन किरात मङ्गोल मानव बङ्गराकोअवशेष भारत, पाकिस्तान र चीनबाट प्राप्त अवशेषभन्दा अगाडिको ठहर हुनकासाथै एसियाकै जेठो र विश्वको दोस्रो मानव अवशेष मानिएको छ। रामापेथिकसलाई मङ्गोलियन जिनथेक्तोइक मानव पूर्वज मानिन्छ। मङ्गोलयन किरात मानव पुर्खाको उत्पति नेपालमा नै भएको कुरा यसबाट पुष्टि भएको छ। यो कुरा पुष्टि हुनुले प्राचीन किरात मानवको उत्पत्ति नेपाल भूमिमा नै भएको भन्ने भनाइलाई झनै पुष्टि गर्दै सत्यको नजिक पुऱ्याएको मान्न सकिन्छ। (राई, २०७१, पृ.१५६)

पौराणिक महाभारतकालसम्म नेपाल राज्यको विस्तार र अस्तित्व राम्रोसँग भैसकेको बुझिन्छ। जुनकुरा उक्त ग्रन्थमा उल्लिखित "हिमवद्दुर्गनिलया: किराता: रणकर्कशा:"- म.भा.भी.व.रा.स.प. ३०/३२ अ.) अर्थात हिमालयको किल्लामा बस्ने किरातहरू लडाइँमा ज्यादा कडा वा तेज छन् र "नेपाल विषये येच राजानस्तानवाजयत्" (म.मा.व.प.२५४ अ.७) अर्थात नेपाल क्षेत्रभित्र जति राजा थिए, तिनलाई कर्णले जिते जस्ता हरफहरूबाट अनुमान गर्न सकिन्छ (चालिसे, २०५८, पृ. १)।

चालिसेकै अनुसार नेपाल राज्य बोध गराउने अन्य पर्यायहरूमा 'किरात देश पनि एक हो। मनुत्मृतिमा किरातको उल्लेख पाइन्छ। केही विद्वान्हरू कौटिल्यको समयभन्दा लगभग छ शताब्दी पूर्व यसको रचना भएको मान्दछन् तर यसबारे यकिनकिटान गर्न सकिएको छैन कि यो इसापूर्व केही शताब्दी अघिकै रचना मनुस्मृति हो (२०५८, पृ.२)।

जेठा खम्बू (राई) को सन्तानहरूले विभिन्न स्थानहरूमा आउने क्रममा 'साम्पाङ' थरका बारेमा स्व.तिर्थबहादुर राइज्यूको भनाइ खगेन्द्रबहादुर साम्पाङ राईको किरात खम्बू साम्पाङ राईको संक्षिप्त परिचयमा यसरी उल्लेख गरिएको छ। आदिमकालमा हालको भोजपुर जिल्ला दोभाने गा.वि.स. अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँमा साल्पाहाङ किरात राजाले राज्य गर्दथे र राजालाई किरात साम्पाङ भाषामा 'हाङ'भनिने हुँदा साल्पाको

राजालाई “साल्पाहाङ्” (साल्पाको राजा) भन्ने गरिन्थ्यो र तिनै साल्पाहाङ्को सन्तानहरूले आफ्नो नामको पछाडिबाट साल्पाहाङ जोड्दै जाँदा पछिका पुस्ताहरूमा आइपुग्दा अपभ्रंश भई ‘साम्पाङ’ बन्न पुगेको र किरात खम्बू राईको एक जातको रूपमा यिनीहरूस्थापित हुन पुग्यो । साल्पाबाट साल्पाहाङको सन्तानहरू छरिदै गएर बिभिन्न ठाउँहरूमा साम्पाङहरूको बसोवास फैलिएको हो भन्ने भनाइ छ । परम्परागत भनाइ अनुसार पुर्खाका सन्तानहरू फैलदै जाने क्रममा पछिल्लो पिँढीका पुर्खाहरू नेवला (तराई), थारूहँ, बजिहँ हुँदै हाल खोटाङ जिल्लाको दिक्तेलमा आइ बसोवास गरेका थिए । त्यहाँ अर्का समूह (चाम्लिङहरू) सँग आफ्नो मूल भूमिको विषयमा ठूलो विवाद दुवै वीच बढ्दै गयो ।

चाम्लिङको तुलनामा साम्पाङहरू अलिक सोझो प्रकृतिका थिए । साम्पाङ राईहरू परम्परागत स्थान छोडेर अन्यत्र जानुपर्ने कारण बारे यस्तै मिथक पनि प्रचलनमा छ ।प्रचलित एक भनाइ अनुसार चाम्लिङ राईहरूले षड्यन्त्र रचे । यसअनुसार बाँसको टुप्पोमा कसैले नदेख्ने गरी ढुङ्ग्रोमा पानी राखे र भूइँमा पनि लाहाँचे चराको बच्चा गाडेर राखेका थिए । दुवै तर्फका धामीहरूले आफ्नो कला देखाउन थाले । मुन्धुमलाई माध्यम बनाएर चाम्लिङले आफ्नो बाँस हल्लायो । त्यसबाट पानी झर्‍यो र चरा पनि करायो । यसैगरी साम्पाङ कुबीले आफ्नो वाँस हल्लाए तर पानी झरेन, भूइँबाट चराको आवज पनि आएन । यसरी चाम्लिङहरूले आफू विजयी भएको घोषणा गरी साम्पाङ पुर्खाहरूलाई अन्त्यै जान बाध्य पारे ।

चाम्लिङहरूसँग बाजी हारेपछि साम्पाङ पुर्खाहरू त्यहाँबाट अन्यत्र जानुपर्ने अवस्था आएपछि आफ्नो ‘खुवालुङ खोकलुङ’ भाले-पोथीको प्रतीक मानिने ढुङ्गा जुन आजपनि देख्न सकिन्छ । (उपयुक्त स्थान) खोज्न हिँडे । त्यस क्रममा उनीहरूका पुर्खा खिलुङ्मी लङ्गुमीले हालको सगरमाथा अञ्चल, खोटाङ जिल्ला अन्तर्गत रावाखोला र ताप्खोला क्षेत्रको खोक्मा (हालको वासपानी गाविस वडा नं. ९) मा उडेर आउँदा खुवालुङ खोकलुङ देखेर त्यहाँ आई चप्लेटी ढङ्गामा पहिलो पाइला राखेका थिए । त्यस ढुङ्गामा टेक्दा उनको पाइलाको छाप बसेको थियो । तर, अहिले खेतीपातीको कारणले त्यो ढुङ्गा पुरिएकाले सजिलै देख्नसकिदैँन । यही पाइला रहेको ढुङ्गालाई आफ्नो भाषामा ‘साम्फालुङ’ (साम्फा=पाइला, लुङ=ढुङ्गा) भने । त्यही साम्फालुङ नजिकको खुवालुङ खोकोलुङ क्षेत्रमा वसोवास गर्दै आएपछि साम्फालुङ नामबाट अपभ्रंश हुँदै गएर या जाति साम्पाङ हुन गएको हो । यिनै खिलुङ्मीको पालादेखि खाँदै आएको भनिएको पानीको कुवा आज पनि देख्न सकिन्छ । यही स्थानबाट यो

जातिका सन्तानहरू हालको उल्लिखित चार गाविसहरूमा फैलिएर रहेको छन् । यस क्षेत्रमा रहेको स्थानीय भाषामा रेवा, रमुना भनिने रावाखोला र ताप्खोला मुख्य रहेका छन् । खिलुङुमी लङ्गुमी भन्दा अगाडि पनि साम्पाङ पुर्खा भएपनि स्थापित नभइसकेकाले साम्पाङ राई जातिको पहिलो प्रत्यक्ष पुर्खा उनैलाई मानिएको छ (राई,२०७०, पृ. ८०)। अर्को कथनअनुसार साम्पाङहरूको आदिम थलो मानिने साल्पा र साम्फलूङ (चप्लेटी ढुङ्गा) का साथै खोकालुङ मानिएकोमा खोकाको अर्थ हुन्छ फ्याउरी लुङ्को अर्थ ढुङ्गा । फ्याउरी जस्तो चप्लेटी ढुङ्गाको छाना भएको दरबारमा बसेर राज्य सञ्चालन गर्ने क्रममा तिनै साल्पा र साम्फलुङ भन्ने शब्दहरूको अपभ्रंशबाट साम्पाङ शब्दको उत्पति भएको मानिन्छ । उनीहरूको विचार विनिमयको साधन भाषा अवश्य नै थियो जसलाई साम्पाङ भाषा भनिएर अहिलेसम्म जीवित रहेको छ, तर गहिरो अध्ययन अनुसन्धान हुन बाँकी नै रहेको छ ।

भाषाको प्रयोग गर्ने क्रममा स्थान विशेष अर्को भाषाको प्रभाव आदिका कारणले पनि भाषाको लवजहरूमा फरक पर्दछन् । जसमा वर्गगत विभेद पाइन्छन् । यो विशेषता हरेक भाषामा रहेका हुन्छन् भने साम्पाङ भाषामा पनि यस्तो विभेद भएको पाइन्छ । किरात खम्बू साम्पाङ थरका राईहरूमा पनि छुट्टै आफ्नै भाषा हुने गर्दछ । जसलाई साम्पाङ भाषा भन्ने गरिन्छ । यसरी सबै किरात खम्बू राईहरूको आ-आफ्नै थरै पिच्छे भाषा शुद्ध रूपमा हुने भएतापनि धेरै भाषाहरू हुने हुँदा एकथरीको भाषाको प्रभाव, बसाई सराई, बैवाहिक सम्बन्ध, विदेशी प्रभाव जस्ता आदि कारणले एकै थर र भाषाभित्र पनि केही वर्ण र शब्दहरू फरक हुने गर्दछ (राई साम्पाङ,२०६१: पृ: १३४) ।

लिपिको अवस्थाका सन्दर्भमा किरात लिपि र सिरिजङ्गा लिपिको बारेमा किरात भित्र विवाद नरहेको होइन, तर लिपिको बारेमा प्रस्ट पार्दै दुर्गा प्रसाद फोपाहाङ 'मुन्धुम र मिथकहरू' मा यस्तो उल्लेख गर्नुहुन्छ । किरात इतिहासविद् इमानसिंह चेम्जोङले शेन मकवान राजा पछि किरात प्रदेश फेदापमा श्रीजङ्गा राजा भए भनी लेख्नु भएको छ तर श्रीजङ्गाले राज्य गरेको खास ऐतिहासिक तथ्य प्रमाणहरू देखा परेको छैन । सिरिजङ्गाहाङ राज भएको प्रमाण नै छैन भने उनीद्वारा नवौं शताब्दीमा कसरी लिपिको आविष्कार हुन सक्छ । अर्को कुरा २ हजार ६ सय वर्षअघि बुद्धलिपि प्रचलनमा आउनुभन्दा २ हजार ५ सय वर्षअघि नै अर्थात् ५ हजार वर्षभन्दा अघि प्रचलनमा आएको किरात लिपि प्रथम किरात राजा यलम्बरहाङ् लगायतले ३२ पुस्तासम्म काठमाडौं उपत्यकामा राजकाज गर्दा भाषा लिपि बिना त्यति लामो पुस्तासम्म कसरी राजकाज गरे होलान ? भन्ने कुरो सर्वसाधारणले

पनि अनुमान गर्न सक्ने कुरा हो । अतः ५ हजार वर्षभन्दा अघिदेखिको आफ्नो लिपिको अस्तित्वलाई राम्ररीअध्ययन नै नगरी नवौँ शताब्दीतिर सिरिजङ्गाले किरात लिपिको आविष्कार गरेको भन्ने जस्ता कुरा हाम्रा विद्वान् बुद्धिजीविहरूले आफ्नो खुट्टामा आफैँले बञ्चरो हानेको देख्दा साह्रै दुःख लाग्छ (फोपाहाङ, २०७०:पृ. १२) ।

४.१.२ राई भाषासमूह र साम्पाङ भाषा

संसारका भाषाहरूको गणना गर्नेहरूले संसारका सम्पूर्ण भाषाहरूको संख्या सन् १९३९ तिर अन्दाजी २ हजार ५ सयदेखि ३ हजार ५ सयको बीचमा, सन् १९५८ तिर २ हजार ७ सय ९६ र सन् १९६४ तिर ४ हजारदेखि ७ हजारको बीचमा भएको अनुमान गरेका छन् (बन्धु,२०४८, पृ.१०२) ।

संसारमा विभिन्न भाषा परिवारहरू रहेका छन् । वक्ता सङ्ख्याका आधारमा पहिलो भाषा परिवार भारोपेली दोस्रो भोट चिनीया, तेस्रो द्रबिड,चौथो सामेली-हामेली, पाचौँ युराल-अल्टाइक, छैटौँ ककेसेली, सातौँ जापान-कोरीयाली, आठौँ मलया-पोलिनेसियाली, नवौँ आग्नेली, दशौँ बान्टु, एघारौँ ब्रुस्मेली, बाह्रौँ सुडानेली, तेह्रौँ अमेरिकाली र चौधौँ अष्ट्रेलियाली गरी विभाजन गरको छन् (न्यौपाने र अन्य, २०६७पृ:३२०)।

यिनै भाषा परिवारको वर्गीकरणलाई आधारमान्दा साम्पाङ भाषा भोट-बर्मेली (चिनीया-तिब्बती) भाषा परिवारमा पर्न गएको कुरालाई निम्न आधारमा प्रमाणित गरिएका छन् । भोट-बर्मेली, भारोपेली पछिको ठूलो भाषा परिवार हो । यस परिवारका वक्ताहरू चीन, बर्मा, नेपाल, भूटान, भियतनाम, बङ्गलादेश, थाइल्याण्ड,भारत, कोरिया, जापान आदि देशामा रहेका छन् । यो भाषा परिवारमा एकाक्षरी लिपिको प्रयोग हुन्छ । यसका चिनीया र भोटबर्मेली शाखाहरू रहेका छन् । नेपालमा यस परिवारका नेवार, तामाङ, मगर, राई, गुरुङ, शेर्पा, थकाली, जिरेल, मेचे, धिमाल, लेप्चा, हायु आदि भाषाहरू बोलिन्छन् (न्यौपाने,२०७०,२५८)।

चिनीया-तिब्बती परिवार अन्तर्गतका भाषाहरूको सूचीमा राई-किरातीको भाषिक सङ्ख्या दिइएको छ । वास्तवमा राई किराती भन्ने छुट्टै भाषा नभएर त्यो राई समूहका भाषाहरूको एकमुष्ट संख्या हो । यस समूहमा कति भाषा बोलिन्छन् भन्ने अझै स्पष्ट भै सकेको छैन । राई किरातीहरूको एक सामाजिक संस्था किरत राई यायोक्खाअन्तर्गतको भाषा तथा सहित्य परिषद्ले २६ वटा भाषाहरूको पहिचान गरेर दुई सय शब्दको तुलनात्मक शब्दसूची प्रकाशित गरेको पाइन्छ । यसमा पनि गम्भिर छलफलको आवश्यक्ता

देखिन्छ, किनभने यसले पनि धनकुटामा बोलिँदै गरेका अठपरिया र बेलाहारेलाई छुट्टा-छुट्टै भाषा मानेको पाइन्छ । यथार्थमा यी एउटै अठपरिया भाषाका भाषिका हुन् । न्यौपाने र अन्य (२०६७) का अनुसार राई भाषाहरू निम्नानुसार २६ वटा भाषाहरू छन्–

१) वान्तावा-जीवन्त (२) चाम्लिङ-जीवन्त (३) कुलुङ-जीवन्त

४) थुलुङ-लोपोउन्मुख (५) अठपरिया-(बेलाहारेसहित)-लोपोन्मुख

(६) साम्पाङ-लोपोउन्मुख (७) खालिङ- लोपोउन्मुख (८) दुमी- लोपोउन्मुख

(९) अम्बूले-लोपोउन्मुख

(१०) पुमो-लोपोउन्मुख (११) नाछिरिङ-लोपोउन्मुख

(१२) बाहिङ-लोपोउन्मुख (१३) कोयू-लोपोउन्मुख

(१४) याम्फू-लोपोउन्मुख

(१५) छिलिङ-लोपोउन्मुख (१६) लोहोरुङे-लोपोउन्मुख

(१७) मेवाहाङे-लोपोउन्मुख

(१८) तिलुङ-लोपोउन्मुख (१९) जेरुङ,बुङ्लासामे-लोपोउन्मुख

(२०) दुङ्माली, खेसाङ-लोपोउन्मुख (२१) छिन्ताङ-लोपोउन्मुख

(२२) सोताङ-लोपोउन्मुख

(२३) मुगाली-लोपोउन्मुख (२४) फाङ्दुवाली-लोपोउन्मुख

यी लोपोन्मुख भाषाहरूको नाम सूचीमा नाछिरिङ र छिन्ताङ दोहोरिएकाले २४ ओटा मात्र किरात खम्बू राई भाषाहरू देखिन आउँछ र यी भाषाहरू सोलुखुम्बू, ओखलढुङ्गा,खोटाङ, भोजपुर, सङ्खुवासभा, उदयपुर र धनकुटा आदि जिल्लाहरूमा बोलिन्छन् भनी उल्लेख भएको छ । यो गणनालाई अध्ययन गर्दा साम्पाङ भाषाले छैटौँ स्थान ओगटेको छ । यी विश्लेषणहरूलाई अध्ययन गर्दा साम्पाङ भाषा भोटबर्मेली (चिनिया-तिब्बती) भाषा परिवारभित्र पर्दछ ।

४.१.३ नेपालमा साम्पाङ भाषाको स्थिति

किरात नेपालमा आदिमकालदेखि बसोवास गर्दै आइरहेको जाति हो । किरात भित्र पर्ने राई एउटा प्रमुख जाति हो । विशेषतः देशका विभिन्न स्थानहरूका साथै विदेशमा पनि बसोवास गरिरहेका किरात भित्र थुप्रै भाषी जातिहरू छन् । राईभित्र पनि थुप्रै थर र पाछाका विविध भाषी राईहरूछन् । एउटा किरात राई जातिभित्र २९ भन्दा बढी भाषा प्रचलनमा रहेका छन् । त्यसैले किरात राई जाति भन्नाले 'जाति एक, भाषा अनेक' अर्थात एउटै

जातिभित्र धेरै भाषा बोलचाल गर्ने जाति भन्ने बुझिन्छ (राई,२०६७ :पृ:ग) किराती-साम्पाङहरू आफ्नो मातृभाषालाई गुङ् (साम्पाङ-राई) भन्दछन् । पश्चिमा भाषाविद्हरूले गुङ् शब्दलाई बैकल्पिक नाममा साम्पाङ गिन् साम्पाङ गुन र साम्पाङ खा पनि जनाएका छन् । यसका खास भाषिकाचैं कुडाक नै हो । कतिपय सम्बोधन नामहरू स्थाननाम/टोपोनिम (topmum)तर आफ्नै मातृभाषामा पनि पाइएको छ । भोजपुरको साम्पाङ पनि टोपोइथ्नोनिम हो । यसले के जनाउँछ भने किराती जाति (जो विभिन्न काल खण्डहरूमा बिभिन्न भाषिक सम्प्रदायमा विभिजित भए) नै यहाँका आदि अनादि भूमिपुत्रहरू हुन् ।

उनीहरूको अर्को हरूवा बाह्य नाम अर्थात जितुवा शासकहरूले पहिले केही किराती व्यक्तिलाई लादेको र पछि चाहीँ ठालू हुने होडमा आफ्नो मौलिकता साम्पाङलाई छोडेर नक्कल गर्दै वरण गरेको नाम भने राई नै हो । माझ किरातका प्रायः सबै किराती बुढापाकालाई पनि यो कुरा थाहा । खार्पाको हरिनन्द पाध्यय-पोखरेल र रुम्जाटारका त्रिलोचन पाध्यय-पोखरलले उपनिवेश औ विस्तारवादी पूनाशालाई कुटनैतिक लोजिस्टिक तथा आर्थिक सहयोग पुऱ्याएर माझ किरात राज्यको पतन गराए पश्चात यो दुर्दशा सुरु भएको हो । तथापि यो समय भन्दा पहिले पनि यो 'राई' शब्द अस्तित्वमा भएको अध्ययनले देखाएको छ । तर आदिवासी भूमिपुत्र जातिको रूपमा भने होइन । यो शब्दको मूल जरो इन्डो-आर्यन राजन>राय (।) 'राजा'मा छ । उनीहरू पनि मङ्गोलोइड स्टकका खाम्बोङबा भित्रकै हुन् । ऐतिहासिक भाषा विज्ञानको अध्ययन विधिले स्वइथ्नोनिम खाम्बोम्बाको छेयिकृत रूप 'खम्बू' हो भन्छ । यसरी 'किराती' शब्दको पर्यावाची शब्द 'राई' भने होइन । यो भाषाविज्ञानले देखाएको सत्य- वास्तविकता हो । मानव-समाजशास्त्रहरूले पनि यो तथ्यलाई स्वीकार्दछन् । वर्तमानमा उनीहरू आफ्नो संस्था किराती-साम्पाङ उत्थान संघमा आवद्ध भई भाषा, संस्कृति आदिको उत्थान कार्यमा जुटेका छन् (रापचा, २०६५ पृ:३७४) ।

ऐतिहासिक हिसावले किरात राईहरू जोडिन्छन् । भौगोलिक हिसावले जोडिएका छन् तर भाषाको चरित्रको हिसावले चाहिँ फरक रहेका छन् । किरात प्रदेशलाई ओल्लो किरात, माझ किरात, पल्लो किरात भनेर राजनीतिक रूपमा हेरिए भैं भाषामा पनि ओल्लो, मझ र पल्लो किराती भाषा रहेको देखिन्छ । पल्लो किरातलाई हेर्दा लिम्बू र वान्तावा राई भाषा बीच धेरै समानता छ । बान्तवा भाषा जान्नेले लगभग ५० प्रतिशत लिम्बू भाषा बुझ्छ । त्यस्तै कुलुङ भाषा जान्नेले लगभग साम्पाङ भाषा बोल्छ, बुझ्छ । साम्पाङ भाषा जान्नेले दुमी भाषा बुझ्न सक्छ नजिक भूगोलमा बस्नेहरू बीच भाषिक सामीप्य देखिन्छ तर

व्याकरणिक र अरु कारणले ती अलग भाषाकै रूपमा रहन्छन् । यी भाषाहरू माउ भाषाका रूपमा एकै ठाउँमा जोडिए पनि आखिरमा अलग अलग भाषाकै रूपमा प्रचलित हुन्छन् (राई, २०७१ पृ: १४१) ।

किरात आदिम कालदेखि नेपालमा बसोवास गर्दै आइरहेका जाति भए तापनि यिनीहरूमा जाति एक भाषा अनेक भएकाले एक आपसमा भाषिक निकटता देखिएका आधारमा राई भाषाको वर्गीकरण गरिएका छन्- किरात राई भाषा तथा साहित्य परिषद्ले भने किरात प्रदेशका चार प्रसिद्ध नदीहरूका आधारमा राई भाषाको वर्गीकरण गरको पाइन्छ । त्यसअनुसार सुनकोसी राई भाषा समूहमा जेरुङ, वाम्बुले, तिलुङ, चाम्लिङ र पुमा भाषा पर्छ । दूधकोसी राई भाषा समूहमा खालिङ, थुलुङ, कुलुङ,बाहिङ, नाछिरिङ, सोताङ,कोयू, दुमी र साम्पाङ भाषा राखिएको छ । अरुणकोसी राई भाषा समूहमा बान्तावा, बुङ्लावा, लोहरूङ, दुङ्माली, याम्फू, मुगाली, छिन्ताङे् मेवाहाङ र फाङ्दुवाली राखिएका छन् भने तमोरनदी राई समूहमा अठपरिया र बेलहारे भाषालाई समावेश गरेको पाइन्छ (राई,२०६९) ।

अन्य किरात राईहरूको लिपिका बारेमा अनुसन्धान भइसक्दा पनि किरात राई साम्पाङ भाषाको लेखन पद्धतिका साथै लिपि तथा व्याकरण तयार भएको छैन । सम्पाङ भाषा शब्द संकलन गर्न तथा लेख्न आफ्नो लिपिको निश्चित नभएकाले देवनागरी लिपि नै प्रयोग गर्नु पर्ने हुँदा साम्पाङ भाषा बोलचालको प्रकृति र उच्चारण अनुरूप देवनागरी लिपिमा चलाइएका वर्णमाला र व्याकरण (व्यन्जन वर्ण, स्वर वर्ण, समवर्ण) स्वाभाविक नभएकाले अन्नमरिय, हरि र सर्वधन साम्पाङ राईले साम्पाङ भाषा लेखन पद्धति विकास गर्न नेपाली वर्णमालामा केही थप घट गरी तयार पारेका कही वर्णमालाहरू माथि पुनः (नेपाली भाषाहरूको संरक्षण संस्था र भाषा विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुरको संयोजनमा मिति २०६० माघ २३ देखि २६ गतेसम्म सञ्चालित तीन दिने गोष्ठीले देवनागरी लिपीमा साम्पाङ भाषा लेखन पद्धतिमा आवश्यक पर्ने वर्णमाला र व्याकरण (वर्ण, स्वर वर्ण, समवर्ण) निर्धारणका लागि स्वाभाविक र स्पष्ट बोल्न सक्ने साम्पाङ राईहरूलाई भेला गराई भाषा विज्ञानको सिद्धान्तअनुरूप ध्वनि विशषेज्ञ प्रा.डा. माधवप्रसाद पोखरेलको संयोजकत्वमा बृहत छलफल गरी तपसिल बमोजिम पुनः संशोधित वर्णमाला तयार पारिएको छ । यसरी अन्तराष्ट्रिय ध्वनितात्त्विक वर्णमालाका आधारमा साम्पाङ भाषा वर्णमालालाई स्वर र व्यञ्जन वर्णमा विभाजन गरेको पाइन्छ भने स्वर वर्णमा

पनि ह्रस्व र दीर्घको नियमहरू प्रयोग भएको पाइन्छ । ताराजङ साम्पाङ, सर्वधन साम्पाङ र भाषविज्ञान केन्द्रीय विभाग त्रि.वि. किर्तिपुरका आधारमा आधुनिक साम्पाङ भाषाको व्यञ्जन र स्वर वर्णावली निम्न रहको पाइन्छ ।

(क) स्वर वर्ण-साम्पाङ भाषामा प्रयोग हुने स्वर वर्ण देवनागरी लिपिको भन्दा केही फरक छन् । जुन साम्पाङ भाषाका छ ओटा ह्रस्व र तीन ओटा दीर्घ स्वरवर्णहरूक निम्नानुसार छन्:

ह्रस्वः- अ आ इ ऊ ए ओ

दीर्घः- आः ईः ऊः

(ख) व्यञ्जन वर्ण: साम्पाङ भाषामा २५ ओटा व्यञ्जन वर्णहरू रहेका छन् :

क् ख् ग् घ् ङ् च् छ् ज् झ् त् थ् द्
ध् न् प् फ् ब् भ् म् य् र् ल् व् स्
ह्

देवनागरी लिपिको वर्णहरूमध्ये ट् ठ् ड् ढ् ण् श् ष् क्ष् त्र् ज्ञ् वर्णहरू साम्पाङ भाषाको वर्णमा पर्दैनन् । घोषत्व र प्राणत्वाको आधारमा अध्ययन गर्दा (क, च,त,प,य,स) अघोष अल्पप्राण (ख,छ,थ,फ,र) अघोष माहाप्राण (ग,ज,द,ब,ल) घोष अल्पप्राण (घ,झ,ध,भ,व,ह) घोष माहाप्राण (ङ,न,म) नासिक्य ध्वनि वर्णका रूपमा वर्गीकृत छन् भने (ल,म) संवर्ण अघोष, घोष महाप्राणमा पर्दछन् ।

अन्तराष्ट्रिय ध्वनि तात्विक वर्णमालामा पनि महाप्राण जनाउन तल दुई थोप्ला प्रयोग गरिने भएकाले देवनागरी लिपिमा पनि तलथोप्ली 'व़' लेखिन्छ सोही अनुरूप साम्पाङ भाषामा व्यञ्जनको महाप्राणलाई जनाउन तल एउटा थोप्ला '़' दिने गरिन्छ । जस्तैः मी़मी-झगडा गर्छन् । सही उच्चारण 'म्हीमी' लेख्य 'मी़मी' हुन्छ ।

ल़छूम-दौरा ठीक उच्चारण 'लछुम' उच्चरण भए तापनि लेख्य रूपमा 'ल्हछूम' लेख्नु पर्दछ । देवनागरी लिपिमा 'ा' एक प्रकारको मात्रा हुन्छ तर साम्पाङ भाषामा आकार पनि (ह्रस्व र दीर्घ) दुई प्रकारको हुने भएकाले अन्तराष्ट्रिय ध्वनि तात्त्विक वर्णमालाको आधारमा दीर्घ जनाउन विसर्ग (:) प्रयोग गरिएको हो । नासिक्य (अनुनासिकता) स्वरका लागि (ँ) नै प्रयोग गरिन्छ । साम्पाङ भाषाका स्वरहरूमा उच्च र निम्न गरी द्विस्वर मानिएका छन् । हलन्तको सावलमा शब्दको अन्त्यमा स्वरान्त भए हलन्त प्रयोग हुँदैन, व्यञ्जनान्त भए हलन्तको प्रयोग गरिन्छ । जस्तै खीम (स्वरान्त)-घरभित्र । खीम् (व्यञ्जनान्त) प्रयोग गर्ने

निर्णय भएको छ । साम्पाङ भाषामा ध्वनितात्त्विक आधारमा ह्रस्व र दीर्घ मात्र भएता पनि उच्चारणका रूपमा प्रायः दीर्घ र नासिक्य ध्वनि मात्र पाइन्छ (साम्पाङगुङ, २०६१ :पृ. १) ।

४.१.४ नेपालमा साम्पाङ भाषीको जनसङ्ख्या

विभिन्न शोधहरू र तथ्याङ्कहरूलाई अध्ययन गर्दा साम्पाङ भाषा दूधकोशी राई भाषा समूहमा पर्दछन् । केन्द्रीय तथ्याङ्क विभागको जनगणना २०६८ अनुसार १८ हजार २ सय७० मध्ये ९७८० महिला र ८४९० पुरुष वक्तासङ्ख्या देखाइएको भएतापनि साम्पाङ मातृभाषीहरूको सङ्ख्या बढी रहेको हुन सक्छ । यो वक्तासङ्ख्या कुल जनसङ्ख्याको ०.००६% हुन आउँछ र कुल राई सङ्ख्यामा ०.०२९% उक्त तथ्याङ्कका सङ्ख्याका व्यक्तिहरूचाहिँ प्रष्टरूपमा साम्पाङ भाषाको बोल्ने सक्ने सङ्ख्या ८०% रहेको पाइन्छ । साम्पाङहरूको जनसङ्ख्या तल निम्न तालिकामा प्रस्तुत गरिएको छ :

	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदुरपश्चिमाञ्चल	जम्मा
हिमाली	३०५	०८	-	-	-	३१७
पहाड	१३,४४४	२०७	०८	-	०६	१३६६५
तराई	४२६१	१५	१२	९	-	४२८८
जम्मा	१८,०१४	२३०	२०	-	०६	१८२७०

स्रोत राष्ट्रिय जनगणा आयोग : (२०६८)

यहाँ प्राज्ञ वैरागी काइलाको भनाइअनुसार 'हतियार जति चलायो उति लाग्ने हुन्छ । माया गरेर राखियो भने खिया पर्छ, मकिन्छ । हाम्रा मातृभाषाहरू पनि त्यस्तै हुन् । जति बोल्या, लेख्यो उति लाग्ने हुन्छ, चम्कन्छ' (वखयुङ्मा वर्ष १, अङ्क, १, २०६९ पृ:४०) । यसरी अध्ययन गर्दा मातृभाषालाई अधिक प्रयोग गर्नुपर्ने हुन्छ र प्रयोग नगरेमा भाषा लोपोन्मुख तिर धकेलिन्छ ।

४.१.५ साम्पाङ जातिको बसोवास क्षेत्र र पाछाहरू

साम्पाङ राईहरूको आदिम् थलो खोटाङ जिल्लाको साम्पाङखोला भनिने ताप्खोला र वानावाखोला दोभानमाथि खोकोलुङ, खोक्मालुङ, साम्फेलुङ आसपासका चार गा.वि.स.हरू वासपानी, खार्ताम्छा, फेदी र पाथेका विशेष भए तापनि साल्पाहाङले सिलिचुङ आसपासको भू-भागमा राज्य गरेको किम्बदन्तीमा उल्लेख भएअनुसार भोजपुर जिल्ला पनि भौगोलिक विस्तारको प्रभावित क्षेत्र मानिन्छ । यसका साथै तापलेजुङ, पान्थर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, काठमाडौँ, ललितपुर, भक्तपुर र नेपाल बाहिर सिक्किम, दार्जिलिङ,

आसाम, हङ्कङ, बेलायत, ब्रुनइ, कोरिया, अमेरिका आदि देशहरूमा छरिएर रहेका छन् । किरात साम्पाङ राई भित्र पनि विविध पाछाहरू रहेको पाइन्छ । जसमध्ये हालसम्मको जनकारी अनुसार यो जातिमा रहेका पाछा र साम्मेहरू निम्नानुसार छन्:

जातीय समुदाय	जाति	पाछा	पुरुष तथा स्त्रीको साम्मे
किरात राई	साम्पाङ	१ रेप्सुना	बुक्छामी,बुङ्खामा
		२. छेतापी	बुक्छामी,बुङ्खामा
		३. पित्रुङ	बुक्छामी,बुङ्खामा
		४. बुल्तिम	बुक्छामी,बुङ्खामा
		५. रङ्खम्	बुक्छामी,बुङ्खामा
		६. समरुङ्जे	बुक्छामी,बुङ्खामा
		७. समारुङ	रेयामा, रेप्सुना
		८. तोरिहँ	बुक्छामी,बुङ्खामा
		९. तोमीहँ	बुक्छामी,बुङ्खामा
		१०. बाह्रमुखी	बुक्छामी,बुङ्खामा
		११. दाम्रेवा	दाम्रेवादुनेवा/हँछाबुरा, बुङ्खामा
		१२. पँलुङ	दिखापा, दिखामा
		१३ रायङ्गे	छँछमी, छिखमा
		१४. रदुखु	संगनी, रुँवानी
		१५. हदिखु	बुक्छामी,बुङ्खामा
		१६. हरिसुद्ध	थाहानभएको
		१७. तामाङछा	बुक्छामी,बुङ्खामा
		१८. दुमाङ्छा	बुक्छामी,बुङ्खामा
		१९. दाम्रछा	बुक्छामी,बुङ्खामा
		२०. खिकाछा	थाहा नभएको
		२१. नाम्नुहँ	बुक्छामी,बुङ्खामा
		२२. इशारा	थाहा नभएको
		२३. बेखुम	थाहा नभएको
		२४. खाया	थाहा नभएको

२५. वाक्छाली बुक्छामी,बुङ्खामा
२६.हिरादेउ थाहा नभएको
२७. हलँछा थाहा नभएका
२८. हँचम्छा थाहा नभएका
२९. हिराहाङ थाहा नभएका
३०. मतिहाङ थाहा नभएका
३१. हाङरुङ थाहा नभएका
३२. बेख्सुङ थाहा नभएका
३३. मारेम्लुङ थाहा नभएका
३४. विराङ थाहा नभएका
३५. वासुङ्मा थाहा नभएका
३६. हुलुबुङ थाहा नभएका

वि.स. १८३० तिर बाँसपानी क्षेत्रबाट छुटेर जान बाध्य भएका तोरिहाङ पाछाकै कोन्छो भाइ वादोरिका सन्तानहरू हाल दुर्छिम गा.वि.स. र हलेसी चुमाखुतिर बसोवास गरेको पाइन्छ । चुमाखुतिरकाहरूले आफ्नो साम्मे 'होछाली छाइता रेम्माङुङ, खोकोङुङ' भन्दछन् भने दुर्छिमकाहरूले 'खुँखुँदो रेप्सुँदो थुँरेपा रेम्मायुङ' भन्ने गरेको पाइन्छ । यसरी एउटै पाछा भित्र पनि अपवादमा साम्मे छुटेको पाइन्छ । यसको वास्तविक कारण भनेको सन्तानहरूमा आपसी सम्पर्क नहुनाले परिवर्तनको वाध्यता परेको मान्न सकिन्छ (राई, (२०७०,पृ.८९)। माथि उल्लेख गरिए जस्तै विविध कारणले गर्दा आफ्नो भाषा, धर्म, संस्कार लोप हुँदै गएको छ भने प्रचलनमा पनि विविधता देखिएको छ । यस्तो अवस्थामा आफ्नो जातिको पहिचानको रूपमा रहेको भाषा धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी विकसित गर्दै लैजानु आजको आवश्यकता हो भने यी कुराहरूमा एकरूपता ल्याउने प्रयास गर्नु पनि अर्को महत्त्वपूर्ण कार्य हो (किरात साम्पाङ राई मुद्दूम, २०६७ पृ:घ)।

४.२ पदसङ्गति व्यवस्था र नेपाली भाषामा पदसङ्गति

वाक्यमा प्रयुक्त पदहरूको मेल र व्याकरणात्मक सम्बन्धलाई पदसङ्गति वा पदमेल भनिन्छ (ढुङ्गेल र भट्टराई, २०७२ पृ. २०८) । यहाँ यसलाई सङ्क्षेपमा केलाउने प्रयास गरिएको छ ।

४.२.१ नेपाली पदसङ्गतिको परिचय

पद शब्दले वाक्यमा प्रयुक्त रूप भन्ने र सङ्गतिले प्रयुक्त रूपहरूमा मेल, अन्वय, समानता वा तुल्यता भन्ने अर्थ दिन्छ । पदसङ्गति एक प्रयुक्त व्याकरणात्मक सम्बन्ध हो, जुन वाक्यका दुई वा दुईभन्दा बढी रूप वा पदहरूमा हुन्छ र त्यस्ता रूपहरूले समान अभिलक्षण देखाउँछन्; जस्तैः कर्ता पुलिङ्ग एक वचन र तृतीय पुरुषमा छ भने क्रिया पनि पुलिङ्ग एक वचन तृतीय पुरुषमा नै हुन्छ । पदसङ्गतिलाई पदमेल, पदन्वय भनिएको पनि पाइन्छ । यो एक प्रकारको वाक्य संयोजन (सिन्ट्याक्टिक लिङ्गेज) हो (शर्मा, २०५१ पृः१३८) ।

वाक्यमा प्रयोग गरिएका पद् (शब्द)हरूबीचको आपसी मेललाई पदसङ्गति भनिन्छ । वाक्यमा नाम, सर्वनाम, विशेषण र क्रियापदबीचमा लिङ्ग, वचन, पुरुष तथा आदरको सङ्गति भएन भने त्यसमा व्याकरणिक अशुद्धि देखिन्छ र त्यस वाक्यले स्पष्ट अर्थ दिँदैन । जस्तैः

(क) सीता हिड्यो । (लिङ्ग सङ्गति नभएको) = सीता हिँडी । (लिङ्ग पदसङ्गति भएको) ।

(ख) तिमीहरू हाँस्छ ।(पुरुष र वचनको सङ्गति नभएको) =तिमीहरू हास्छौँ ।(पदसङ्गति भएको) ।

(ग) म रोए । (पुरुषको सङ्गति नभएको) = म रोएँ । (पदसङ्गति भएको) ।

(घ) बुबा रायो (आदर सङ्गति नभएको) = बुवा रुनुभयो । (आदरकोपदसङ्गति भएको) (बराल र नेत्र एटम, २०५८ः पृ १५३) ।

पदसङ्गतिलाई नेपाली भाषामा प्रष्टपर्ने क्रममा यी पनि उपयुक्त देखिन आउँछ, वाक्यात्मक संरचना भित्रका घटकहरूकाबीचमा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने मेललाई सङ्गति भनिन्छ । सङ्गति रूपायानात्मक भाषासँग सम्बन्धित व्याकरणात्मक अभिलक्षण हो । यसर्थ वाक्यभित्र आउने पदहरू परस्पर रूपायणमा नियन्त्रण हुने प्रक्रियालाई सङ्गति भनिन्छ । सङ्गति हुँदा वाक्यात्मक संरचनामा आएका दुई वा दुई भन्दा बढी एकाइहरूले समानरूपगत अभिलक्षण देखाएका हुन्छन् । सङ्गति रूपायानात्मक तथा प्रत्ययप्रधान भाषासँग सम्बन्धित हुनका साथै नाम, सर्वनाम, विशेषण र क्रियापदजस्ता रूपायानात्मक एकाइसँग अन्तरसम्बन्धित रहेको हुन्छ । हरेक भाषामा आ-आफ्नै प्रकृतिको सङ्गति व्यवस्था हुने भएकाले यसलाई भाषानिष्ठ व्याकरणात्मक अभिलक्षण मान्ने गरिएको छ (न्यौपाने र अन्य, २०६७, पृः १४६ र १४७) ।

यी माथिका परिभाषाहरूलाई अध्ययन गर्दा पदसङ्गति भनेको हरेक भाषामा रहेका नाम, सर्वनाम, विशेषण र क्रियापद बीचको लिङ्ग, वचन, पुरुष र आदरार्थीजस्ता व्याकरणात्मक कोटिका आधारमा पदविन्यास गर्नु भन्ने बुझिन्छ । नेपाली लगायत अन्य भाषाहरूमा व्याकरणात्मक कोटिभित्र पदसङ्गतिको लेख्य रूपको प्रमाणिकरण भइसक्दा पनि साम्पाङ भाषामा व्याकरणात्मक कोटिको लेख्य रूप हुन नसक्नु भाषिकाहरूको नै कमजोरी मान्नुपर्छ । त्यसैले नेपाली भाषाको व्याकरणिक मापदण्डलाई मानक र आधार मानि साम्पाङ भाषाको कथ्य शब्द र वाक्यहरूलाई पदसङ्गतिगत तुलनात्मक अध्ययन गर्नुपर्ने भएको कुरालाई स्विकार्नु पर्ने हुन्छ । त्यसैले सोही आधारमा यो अनुसान्धान अगाडि बढाइएको छ । पदमेल वा पदसङ्गति नभए वाक्यका अर्थ स्पष्ट नहुने र व्याकरणिक दृष्टिले वाक्य शुद्ध वा अशुद्ध छ भनेर पहिचान गर्ने साधनको आधार पनि पदसङ्गि नै हो । जस्तै:

(क) छोरी विद्यालय गयो ।　　(ख) म बजार जान्छौँ ।

(ग) तँ फूल रोप्नुहोस् ।　　(घ) तपाईं लेख ।

माथिका सबै वाक्यहरूमा कर्ता, कर्म र क्रिया प्रयोग भएका छन् र संरचनागत दृष्टिले हेर्दा सबै वाक्यहरू शुद्ध देखिएतापनि व्याकरणिक दृष्टिले सङ्गति नमिलेका अशुद्ध देखिन्छन् । वाक्य (क) मा कर्ताको लिङ्गअनुसार क्रिया छैन कर्ता स्त्री लिङ्गको भएकाले क्रिया पनि स्त्री लिङ्गी 'गई' हुनुपर्थ्यो (ख) मा 'बचन'अनुसार (ग) मा 'पुरुष' (घ) मा 'आदार'का आधारमा सङ्गति भएकोछैन । त्यसैले सङ्गति भनेको वाक्यको व्याकरणिक शुद्धि मापनको उपकरण हो ।

४.२.२ नेपालीमा पदसङ्गतिका प्रकार

नेपाली भाषाको व्याकरणलाई अध्ययन गर्दा पदसङ्गति चार प्रकारका छन् (बराल र एटम, २०५८: पृ: १५३) :

क. उद्देश्य र विधेय सङ्गति

वाक्यमा क्रियाले व्यक्त गरेको कार्य सम्पन्न गर्ने नामिक पद वा पदावलीलाई उद्देश्य भनिन्छ भने उद्देश्यका बारेमा केही सूचना दिने पदलाई विधेय भनिन्छ । कर्तृवाच्यका सन्दर्भमा कर्म र भाव वाच्यका सन्दर्भमा क्रिया नै उद्देश्यका रूपमा देखा पर्दछन् । विधेयका बीचमा निम्नानुसार सङ्गति व्यवस्था रहेको पाइन्छ:

अ. कर्ता र क्रियामा सङ्गति

कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदारमा रहन्छ तदनुरूपकै ढाचाँमा क्रियापद रहनु कर्ता र क्रिया बीचको सङ्गति हो (न्यौपाने र अन्य, २०६७, पृ: १४७) ।

(क) लिङ्गका आधारमा सङ्गति

अ) छोरी जान्छे । (स्त्री लिङ्ग) आ) छोरो जान्छ । (पुलिङ्ग)

(ख) वचनका आधारमा सङ्गति

अ) म लेख्छु । (एकबचन) आ) हामी लेख्छौं । (बहुवचन)

ग) पुरुषका आधारमा सङ्गति

अ) म लेख्छु । (प्रथम पुरुष एकवचन) आ) हामी लेख्छौं । (प्रथम पुरुष बहुवचन)

इ) तँ लेख्छस् । (द्वितीय पुरुष एकवचन) ई) तिमीहरू लेख्छौ । (द्वितीय पुरुष बहुवचन)

उ) ऊ लेख्छ । (तृतीय पुरुष एकवचन) ऊ) उनीहरू लेख्छन् । (तृतीय पुरुष बहुवचन)

(घ) आदरका आधारमा सङ्गति

अ) तँ लेख । (अनादरर्थी) आ) तिमी लेख । (सामान्य आदरार्थी)

इ) तपाईं लेख्नुहोस् । (आदरार्थी) ई) हजुर लेखिसिन्छ ।(उच्च आदरार्थी)

उ) मौसुफ लेखिबक्सिन्छ । (अति उच्च आदरार्थी)

माथि उल्लेखित उदाहरणले कर्ताको आधारमा लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापदको सङ्गति भएका छन् ।

आ) कर्म र क्रियाको सङ्गति

कर्मवाच्यमा कर्मको उद्देश्य हुन्छ, सोहीअनुसार क्रियापदको लिङ्ग, वचन, पुरुष आदरको निर्धारण भएको हुनलाई कर्म र क्रियाबीचको सङ्गति भनिन्छ, जस्तै:

(क) लिङ्गका आधारमा

अ) केटा कुटिए । आ) केटी कुटिई ।

(ख) वचनका आधारमा सङ्गति

अ) म कुटिएँ । आ) हामी कुटियौं ।

(ग) पुरुषका आधारमा सङ्गति

अ) तँ कुटिइस् । आ) तिमी कुटियौ । इ) ऊ कुटियो ।

ई) समानहरू किनिए ।

(घ) आदरका आधारमा सङ्गति

अ) तँ कुटिईस् । आ) तिमी कुटियौ । इ) तपाईं कुटिनुभयो ।

माथि लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको निर्धारण भई कर्म र क्रियाबीच पदसङ्गति भएको छ ।

इ) भावसङ्गति

भाववाच्यमा क्रियाको विषय भाव हो भन्ने बुझाउँछ । भाव भनेको धातुको अर्थ हो र यसमा कर्ता र कर्म होइन भावको प्रधानता हुन्छ । भाववाच्यमा अकर्मक क्रिया एक वचन तृतीय पुरुष करण कारक पुलिङ्गीमा राखिन्छ (शर्मा, २०५१पृ:१५५)। भाववाच्यमा क्रियाको अर्थ मुख्य हुने भएकाले क्रियापद सँधै तृतीय पुरुष अस्त्रीलिङ्ग र एक वचनमा रहन्छ (न्यौपाने र अन्य, २०६७, पृ: १४८)। जस्तैः नपढी धरै पाइन्न । यहाँ कसरी टिकिएला । आफू त रातमा हिडिन्छ । दाजुहरूबाट घर गइयो । दाजुहरूद्वारा निदाइयो । दाजुद्वारा गाउँमै बसियो ।

ख.नाम र सर्वनामको सङ्गति

वाक्यमा प्रयुक्त नाम पद जुन वचन, पुरुष र आदरको छ, सोको सट्टामा आउने सर्वनाम, पद, पनि सही नाम, पद अनुरूप नै हुनुपर्छ (ढुङ्गेल र भट्टराई, २०७२,पृ २०९) । जस्तैः-

अ) आशिष स्कुलबाट आयो । ऊ खाजा खान गयो ।

आ) दिदी क्याम्पसबाट आइन । उनी खाजा खान गइन् ।

इ) मामा आउनुभयो भने उहाँले मलाई उपहार दिनुहुन्छ ।

ई) सानु नानु र भावना बजार जान्छन् । उनीहरू कलम किन्छन् ।

यी उदाहरूणहरूमा नाम जुन लिङ्ग, वचन, पुरुष र आदरमा छन् सर्वनाम पनि सोही अनुरूप भएकाले नाम र सर्वनाम बीच सङ्गति भएको पाइन्छ ।

ग. विशेषण र विशेष्यको सङ्गति

वाक्यमा प्रयुक्त विशेष्य (नाम पद) जुन लिङ्ग र वचनको छ । विशेषण पनि सोही लिङ्ग र वचनमा हुनुलाई विशेषण र विशेष्यबीचको पदसङ्गति भनिन्छ (भट्टराई र ढुङ्गेल,२०७२,पृ:२०९) जस्तैः अ) केटो गोरो छ । (पुलिङ्ग एकवचन) आ) केटी गोरी छे । (स्त्रीलिङ्ग एकवचन)

इ) उनीहरू गोरा छन् । (दुवै लिङ्ग वहुवचन)

ई) मोटो केटा आयो । मोटी केटी आई । मोटो केटाहरू आए ।

विशेष्यअनुरूप विशेषणको लिङ्ग वचन आदर निर्धारित हुनु विशेषण र विशेष्य बीचको सङ्गति हो (न्यौपाने र अन्य, २०६७, पृ: १४८)। जस्तैः

अ) गोरो केटो । (लिङ्ग) आ) गोरी केटी । (लिङ्ग) इ) कालाकेटीहरू (वचन)

ई) काला केटा ।(आदार)उ) उनीहरू कालाछन् । (वचन र आदार)

यी उदाहरणहरूमा विशेषण र विशेष्यबीचको सङ्गति भएको पाइन्छ ।

घ. भेदक र भेद्यको सङ्गति

भेदक (सम्बन्धवाचक को, का,कि,/रो, रा, री/नो, ना, नी लागेका पद) र भेद्य (विशेष्यपद) को मेललाई बुझाउँछ । भेद्यको जुन लिङ्ग, वचन, पुरुष हुन्छ, भेदकको पनि उही लिङ्ग, वचन, पुरुष हुन्छ (शर्मा, २०५१ पृ: १४०) । जस्तैः

मेरो छोरो ।	उसको छोरो ।
मेरी छोरी ।	उसकी छोरी ।
मेरा छोराहरू ।	उसका छोराहरू ।

यसरी भेदक र भेद्य बीचमा पदसङ्गति भएको पाइन्छ ।

४.३साम्पाङ भाषामा पदसङ्गति

हरेक भाषामा पदहरूको सङ्गति मिलेर मात्र अर्थ दिने गर्दछ । जसले वक्ताले दिन खोजेको सन्देश श्रोता रपाठकबीच पुग्दछ । त्यस्तै साम्पाङ भाषामा पनि नाम, सर्वनाम,विशेषण,भेदक,भेद्यको, कर्ता, क्रिया, लिङग, वचन, पुरुष र आदरका आधारमा वाक्य निर्माण भएको पाइन्छ । कर्ता जुन लिङग, वचन पुरुष र आदरको छ, क्रिया पनि सोही लिङग, वचन, पुरुष र आदरमा रहेका हुन्छन् ।

४.३.१. कर्ता र क्रियामा सङ्गति

वाक्यमा प्रयुक्त कर्ता र क्रियापदमा लिङगवचन, पुरुष र आदरको मेल हुनु उद्देश्य र विधेयको सङ्गति हो । कर्तृवाच्यमा यस्तो सङ्गति हुन्छ । (बराल र एटम :२०५८)

क. साम्पाङ भाषामा कर्ता र क्रियामा लिङग सङ्गति

क)	नुछ : खीम् खाती ।	(भाइ घर जान्छ ।)
	नीछा खीम् खाती ।	(बहिनी घर जान्छे ।)
ख)	यलम्बर हतुवा खाता ।	(यलम्बर हतुवा गयो ।)
	तयामा बजारा खाता ।	(तयामा बजार गई ।)
ग)	पारुहाङ वूङा लेओ ।	(पारुहाङ फूल रोप्छ ।)
	खीयाम वूङा लेओ ।	(खीयाम फूल रोप्छे ।)
घ)	स्वनन्द दुवाङा घिसा ।	(स्वनन्द खुब हाँस्यो ।)
	दिलीदूम दुवाङा घिसा ।	(दिलीदूम खुब हाँस्यो ।)
ङ)	बूबू चेमाखीम् खातीमी ।	(दाजु कलेज जानुहुन्छ ।)
	नाना नूवाखीम् खातीमी । (दिदी स्कुल जानुहुन्छ ।)	

माथिका वाक्यहरूमा नेपाली भाषामा पुलिङ्मा 'जान्छ' स्त्रीलिङ्मा 'जान्छे' क्रिया छन् भने साम्पाङ भाषामा 'खाती' दुवै लिङ्मा समान क्रिया प्रयोग हुने भएकोले यस भाषा लिङ्ग सङ्गति पाइँदैन ।

ख. कर्ता र क्रियाबीचमा वचन सङ्गतिः

साम्पाङ भाषामा कर्ता र क्रियाबीचमा वचन सङ्गति निम्नानुसार छन् :

साम्पाङ

क.	नूछ : खाती ।	(भाइ जान्छ ।)
	नूछची : खातीमी ।	(भाइहरू जान्छन् ।)
ख.	कँ ग्यँ ।	(म भन्छु।)
	कएका ग्येका ।	(हामी भन्छौं ।)
ग.	कँ ध ।	(म खन्छु ।)
	कैची धूचू ।	(हामी दुई खनौं ।)
	कयका धम् ।	(हामी खनौं ।)

माथिका उदाहरणका आधारमा नेपाली भाषामा दुई वचन भएतापनि साम्पाङ भाषामा तीन वचन भएको पाइन्छ । नेपालीमा जान्छु , भन्छु , खन्छु एकवचन र जान्छन् खनौं वहुवचन रहेको पाइन्छ । साम्पाङ भाषामा खाती, ग्यँ, ध एकवचन धूचू दुईवचन र धम् वहुवचन रहेको हुँदा वचन का आधारमा कर्ता र क्रियामा सङ्गति रहेको पाइन्छ ।

ग. कर्ता र क्रियामा पुरुष सङ्गति

भाषामा कर्ता र क्रियामा पुरुष सङ्गति लिङ्ग, वचन र आदरका आधारमा पुरुषको सङ्गति हुनुलाई पुरुषको सङ्गति भनिन्छ ।

साम्पाङ

क) कँ खातँ । (म जान्छु ।)

कएका खातँ । (हामी जान्छौं ।)

ख) आना खाता । (तँ जा ।)

आनाची खातानी । (तिमी जाऊ ।)

आनानी खातानी । (तपाइँ जानुहोस् ।)

यँले/ग्यानीय खातानी । (हजुर गइसियोस् ।)

प्रथम पुरुष– कँ कोल्सी खातँको तूवा । (म घुम्न गएको थिएँ ।)

- कएका बजारा खातेकाको तूवा । (हामी बजार घुम्न गएका थियौं ।)
- अँमी खीम् नोथामाङा तूई । (मेरो घर नजिकै छ ।)
- अँकमी खीम् मेनी/भेप्पा तूई । (हाम्रो घर टाढा छ ।)

द्वितीयपुरुष– आना वूङा लेओना । (तँ फूल रोप्छस् ।)

– आना वूङा लेओनूम् । (तिमी फूल रोप्छौ ।)

– आनानी वूङा लेओनूम् । (तपाइँ फूल रोप्नुहुन्छ ।)

– मकची वूङा लेओनूम् । (तिमीहरू फूल रोप्छौ ।)

तृतीयपुरुष– खो वूङा लेओनूमे । (ऊ फूल रोप्छ ।)

–आम्नू धै उम्छुङ्निनी । (उनी कती साँचो बोल्छे ।)

–नोको आनानीया हापी तानूम् ?(यो तपाइँले कहाँ पाउनु भयो ?)

–खो/मक/मोको खा आसालाई तमइमाची ?(त्यो कुरा कसलाई सोध्नु पर्छ ?)

माथिका उदाहरणका आधारमा नेपाली भाषामा प्रथम,द्वितीय र तृतीय पुरुषमा पदसङ्गति पाइन्छन भने साम्पाङ भाषामा पनि पुरुष सङ्गति पाइन्छ ।

घ. कर्ता र क्रियामा आदर सङ्गति

साम्पाङ भाषामा आदरको अवस्था निम्नअनुसार रहेको पाइन्छ :

साम्पाङ

क) आना खाता । (तँ जा ।)

आना खातानी । (तिमी जाऊ ।)

आनानी खातानी । (तपाईं जानुहोस् ।)

यँले/ग्यानीय खातानी । (हजुर गइसिन्छ ।)

ख) आना छाबू । (तँ लेख ।)

आनानी छाबानूम् । (तपाइँ लेख्नुहोस् ।)

यँले/ग्यानीय छाबानूम् । (हजुर लेखिसियोस् ।)

माथिका उदाहरणका आधारमा नेपाली भाषामा आदरको चार तह भएतापनि साम्पाङ भाषामा नाम सर्वनाम र कर्ता र क्रियाको सङ्गति अध्ययन गर्दा दुई तहको मात्र आदर सङ्गति पाइन्छ ।

तालिका : कर्ता र क्रियामा सङ्गति

साम्पाङ		नेपाली	
लिङ्ग सङ्गति	पुलिङ्ग	नुछ : खीम् खाती । नीछँ खीम् खाती ।	भाइ घर जान्छ । बहिनी घर जान्छे ।
वचन सङ्गति	एक वचन द्विवचन बहुवचन	कँ ध । कैची धूचू । कयका धम् ।	म खन्छु । हामी दुई खनौं । हामी खनौं ।
पुरुष सङ्गति	प्रथम पुरुष द्वितीयपुरुष तृतीयपुरुष	कँ कोल्सी खातँको तूवा । आना वूङा लेओनूम् । खो वूङा लेओनूमे ।	म घुम्न गएको थिएँ । तिमी फूल रोप्छौ । ऊ फूल रोप्छ ।
आदर सङ्गति	निम्न आदर मध्यम आदर उच्च आदर अति उच्च आदर	आना खाता । आना खातानी । आनाानी खातानी । यँले/ग्यानीय खातानी ।	तँ जा । तिमी जाउ । तपाइँ जानुहोस् । हजुर गइसिन्छ ।

४.३.२ कर्म र क्रियामा सङ्गति

नेपाली भाषाको व्याकरणिक व्यवस्थाअनुसार कर्म उद्देश्य (कर्ता) भएको वाक्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरको आधारमा क्रियापद रहनुलाई कर्म र क्रियामा सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ

नूछ : याप्सूची । (भाइ पिटियो ।)

नीछँ याप्सूची । (बहिनी पिटिई ।)

कएका याप्सेमी । (हामी कुटियौँ ।)

कँ याप्सामूङ । (म कुटिएँ ।)

पापा सेवामीयूची । (बुबा ढोगिनु भयो ।)

कँपा तोपूम्/तोपूची । (मामा भेटिनु भयो ।)

रु छाबूची । (चिठी लेखियो ।)

पो : ची लिउची । (रुखहरू रोपिए ।)

माथिका वाक्यहरूमा नेपाली भाषामा कर्म सङ्गति देखिन्छ । साम्पाङ भाषामा कर्म वाच्य नै नहुने भएकाले कर्म सङ्गति पाइँदैन ।

क. लिङ्ग सङ्गति

कर्मवाच्यको कर्म जुन लिङ्गमा छ क्रिया पनि त्यही लिङ्गमा हुनुलाई कर्म र क्रियाबीचको लिङ्ग सङ्गति भनिन्छ , जस्तै :

साम्पाङ

वाच्छा याप्सूची । (केटो पिटियो ।)

मीमाछा याप्सूची । (केटी पिटिई ।)

चङ्खूलो पु सीताम् । (चङ्खूद्वारा सर्प मारिन्छ ।)

छ्याकूछालो छेवा छीपाम् । (चेलीद्वारा माइती भेटिन्छ ।)

माथिका उदाहरणमा केटो, चङ्खू पुलिङ्गको आधारमा पिटियो, मारिन्छ क्रिया र केटी, चेली स्त्रीलिङ्गमा पिटिई, भेटिन्छ क्रिया कर्म अनुसार सङ्गति भएकाछन् भनेसाम्पाङ भाषामा कर्मवाच्यको प्रयोग नपाइएकाले कर्म र क्रियमा लिङ्ग सङ्गति पाइँदैन ।

ख. वचनसङ्गति

कर्मवाच्यको वाक्यमा कर्म जुन वचनमा छ क्रियापद पनि सोही वचनमा हुनुलाई कर्म र क्रियाको वचन सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ

कँ याप्सामूङ । (म कुटिएँ ।)

कएका याप्सेमी । (हामी कुटियौँ ।)

पो : लिउ । (रुख रोपेँ ।)

पो : ची लिउची । (रुखहरू रोपिए ।)

खूचीपा लापूङ । (चोर पक्रियो ।)

खूचीपा लापूची । (चोर पक्रिए ।)

गोला वालीङो । भकुण्डो खल्दैछ ।)

तयमा धीमा । (तयामा लडी ।)

माथिका उदाहरणमा 'म, तयमा, चोर' एक वचनबोधक कर्मसँग कुटिएँ ,पक्रिए, लडी जस्ता एक वचनबोधक क्रिया प्रयोग भएको छ । 'हामी, रुखहरू, भकुण्डो' वहुवचन कर्मसँग कुटियौँ, रोपिए, खेलिदैछ जस्ता वहुवचनबोधक क्रिया प्रयोग भएर कर्म र क्रियामा वचन सङ्गति भएको देखिन्छ ।साम्पाङ भाषामा पनि केही कर्मको वचनमा सङ्गति पाइन्छ, म एकवचन हामी वहुवचनमा, कँ एकवचन, कएका, वहुवचनमा, याप्सामूङ, एकवचन, याप्सेमी वहुवचन को क्रिया प्रयोग भई वचन सङ्गति भएको पाइन्छ ।

ग. पुरुष सङ्गति

कर्मवाच्यको वाक्यमा कर्म जुन रूपमा छ । क्रिया पनि त्यही रूपमा हुनुलाई कर्म र क्रियाको सङ्गति भनिन्छ । नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पुरुष सङ्गतिको अवस्था निम्नअनुसार रहेको पाइन्छ :

साम्पाङ

कँ याप्सामूङ । (म कुटिएँ ।)

आना याप्सामीना । (तँ कुटिईस् ।)

खो याप्सोची । (उ कुटियो ।)

जाँचा पीयूङ । (परीक्षा दिइयो ।)

माथिका उदाहरणमा कर्म प्रथम पुरुषको हुँदा सोही पुरुषको क्रियापदद्वितीयपुरुषको कर्म हुँदा सोही पुरुषको क्रियापद रतृतीय पुरुषको कर्म हुँदा सोही पुरुषको क्रियापद भएकाले कर्म र क्रियामापुरुष सङ्गतिपाइन्छ ।

घ.आदर सङ्गति

कर्मवाच्यको कर्म जुन आदरमा छ क्रियापद पनि त्यही आदरमा रहने व्यवस्थालाई कर्म र क्रियामा आदर सङ्गति भनिन्छ ।नेपाली भाषाको आधारमा साम्पाङ भाषामा आदर सङ्गतिको अवस्था निम्नअनुसार रहेको पाइन्छ , जस्तै :

साम्पाङ

रावण सीतूची ।	(रावण मारिए ।)
आना खाती ।	(तँ जान्छस् ।)
आना खातीना ।	(तिमी जान्छौं ।)
आनानी खातानी ।	(तपाइँ जानुहुन्छ ।)
खो खातीन ।	(उनी जान्छन् ।)
यँले/ग्यानीय खातानी ।	(हजुर गइसिन्छ ।)

माथिका उदाहरणमा तँ, अनादर, तिमी, उनी आदर, तपाइँ, हजुर उच्च आदर कर्तामा जान्छस् , जान्छौं, जानुहुन्छ, गइसिन्छ क्रियामा साम्पाङ भाषामा आना, आनानी, खो, यँले कर्ममा खाती,खातीन, खातानी जस्ता क्रिया प्रयोग भएकाले आदर सङ्गतिपाइन्छ ।

४.३.३. भाव सङ्गति

भाववाच्यमा क्रियाको अर्थ अस्त्रीलिङ्ग एकवचन र तृतीय पुरुषमा रहेर भाव सङ्गति हुन्छ । साम्पाङ भाषामा सङ्गतिको अवस्था निम्नअनुसार रहेको पाइन्छ , जस्तै :

साम्पाङ

खीम् खातेक/खातेङा ।	(घर गइयो ।)
अँमीमे छूमो/छोमेका ।	(आफू त नाचिन्छ ।)
हालो तँमी/ तिमीकँ ।	(कहिले आइन्छ ।)
नीछालो खाप्पौं / खाप्पामी ।	(बहिनीद्वारा रोइयो।)

माथिका उदाहरणमा भाव सङ्गति देखिएतापनि खोज अनुसन्धान बाँकी रहेकाले अध्ययनको विषय रहेको छ । भाव सङ्गति पाइदैन ।

तालिका : कर्म र क्रियामा सङ्गति

साम्पाङ		नेपाली	
लिङ्ग सङ्गति	पुलिङ्ग	वाच्छा याप्सूची । मीमाछा याप्सूची ।	केटो पिटियो । केटी पिटिई ।
वचन सङ्गति	एक वचन	कँ याप्सामूङ ।	म कुटिएँ ।

	द्विवचन बहुवचन	काची याप्सामूङ । कएका याप्सेमी ।	हामी दुई कुटियौँ । हामी कुटियौँ ।
पुरुष सङ्गति	प्रथम पुरुष द्वितीयपुरुष तृतीयपुरुष	कँ याप्सामूङ । आना याप्सामीना। खो याप्सोची ।	म कुटिएँ । तँ कुटिईस् । उ कुटियो ।
आदर सङ्गति	निम्न आदर मध्यम आदर उच्च आदर अति उच्च आदर	आना खाती । आना खातीना । आनानी खातानी । यँले/ ग्यानीय खातानी ।	तँ जान्छस् । तिमी जान्छौँ । तपाइँ जानुहुन्छ । हजुर गईसियोस् ।

४.३.४.नाम र सर्वनाममा सङ्गति

वाक्यमा आउने नामपद जुन वचन, पुरुष र आदरमा हुन्छ, त्यस्ता वाक्यमा उक्त नामपदका सट्टामा आउने सर्वनामपद पनि त्यही वचन, पुरुष र आदरमा हुनुलाई नाम र सर्वनामको सङ्गति भनिन्छ , जस्तै :

साम्पाङ

क)तयामा नूवाखीम् खाती । खो मपी नेमातूई ।(तयामा स्कुल जान्छिन् । उनी त्यहाँ पढ्छिन् ।)

ख) चङ्खू खीम् खाता । आना पढाछूमाको खा छाबू । (चङ्खू घर जा । तँ पाठ लेख ।)

ग) पापा छीँध । कँ खोलाई सेवामै । (बुबा आउनुभयो । म उहाँलाई ढोग्छु ।)

घ) वाच्छा घीसीधँस यँत खो मनत्यूको तूई । (केटा लडछ तर ऊ हिमतदार छ ।)

क.वचन सङ्गति

वाक्यमा आएका नामपद जुन वचन मा छ त्यसको सट्टमा आउने सर्वनामपद पनि त्यही वचन हुनुलाई नाम र सर्वनामको सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ

क) वाच्छा धीसाँ । खोसा लँ ओतू । (केटा लड्यो । उसले खुट्टा भाँच्यो ।)

ख) खीयामा नूवाखीम् खाती । खोमी नूछ : खातीन । (खीयामा स्कुल जान्छे । उसको भाइ जाँदैन ।)

माथिका उदाहरणमा एकवचन बोधक नाम पदहरूकेटा, खीयामा मा सर्वनाम पनी एकवचन बोधक खोसा, खोमी प्रयोग भएका छन् । तयामा खीयामा, मान्छेहरू जस्ता दुई र वहुवचन बोधक नाम पदहरूमा उनीहरू, अमनु, खोचीवा सर्वनाम प्रयोग भएकाले साम्पाङ भाषामा नाम र सर्वनाममा सङ्गति पाइन्छ ।

ख. पुरुष सङ्गति

वाक्यमा आएका नामपदहरू जुन पुरुषमा छ, उक्त नामपदका सट्टामा आउने सर्वनाम पनि सोही पुरुषमा हुनुलाई नाम र सर्वनाममवीचको पुरुष सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ

क) कँ लो दिलूङ्मी लोङा नूमाम् । (म र दिलूङ्मी सँगै पढछौँ ।)

कएका नुवाखीम् मीसँ खातीम् । (हामी स्कुल पनि सँगै जान्छौँ ।)

ख)सूम्नीमा हाल्लो तामा । (सूम्नीमा कहिले आयौ ।)

आना हाल्लो खातीङ ।(तिमी अब कहिले जान्छौ ।)

माथिका उदाहरणमा प्रथम,द्वितीय रतृतीय पुरुषबोधक नामपदहरूमा प्रथम,द्वितीय रतृतीय पुरुषबोधक नै सर्वनामहरू प्रयोग भएकाले नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पनि पुरुष सङ्गति पाइन्छ ।

ग.आदर सङ्गति

वाक्यमा आएका नामपद जुन आदरमा छ, त्यसको सट्टामा आउने सर्वनाम पनि त्यही आदरको हुनुलाई नाम र सर्वनाममा हुने आदर सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ

क) नूछ : हाप्त खाताना । आना नापे बाना/भाना । (भाइ कता हिँडिस् । तँ यता आइज ।)

ख) नीछा हाप्त लाम्धूमाना । आना नापे बाना/भाना ।(बहिनीकता हिँड्यौ । तिमी यता आऊ ।)

ग) कँपा हाप्त खाइतीमी । आनानी नापेबानानी/भानानी । (मामा कता जाँदै हुनुहुन्छ । यता आउनुहोस् ।)

माथिका उदाहरणमा भाइ, बहिनी,मामा अनादर, आदर र उच्चआदरका नाम पदमा तँ, तिमी, तपाइँ सर्वनाम बोधक मेल भएर आदर सङ्गति पाइन्छ भने साम्पाङ भाषामा नूछ :, नीछा, कँपा निम्न, मध्यम र उच्चआदरार्थी नामिक पदहरूमा आना, आना,आनानी आदरार्थी प्रयोग भएकाले पदसङ्गति भएको पाइन्छ ।

तालिका : नाम र सर्वनाममा सङ्गति

साम्पाङ		नेपाली	
वचन सङ्गति	एक वचन	वाच्छा धीसाँ । खोसा लँ ओतू ।	केटा लड्यो । उसले खुट्टा भाँच्यो ।
	द्विवचन	खीयामा नूवाखीम् खाती । खोमी नूछ : खातीन ।	खीयामा स्कुल जान्छे । उसको भाई जाँदैन ।
	बहुवचन	तयामा लो खीयामा तुवाचुङ खाता । आम्नू ध बामूम् ।	तयामा र खीयामा तुवाचुङ गए । उनीहरू तान बुन्छन् ।
पुरुष सङ्गति	प्रथम पुरुष	कँ लो दिलूङ्मी लोङा नूमाम् । कएका नुवाखीम् मीसँ खातीम् ।	म र दिलूङ्मी सँगै पढछौं । हामी स्कुल पनि सँगै जान्छौं ।
	द्वितीयपुरुष	सूम्नीमा हाल्लो तामा । आना हाल्लो खातीङ ।	सूम्नीमा कहिले आयौ । तिमी अब कहिले जान्छौ ।
	तृतीयपुरुष	तयामा नुवाखीम् खातीन । उम्मी खीम्पी नूछ : नीछा खोमाची ।	तयामा स्कुल जाँदिन । उसको घरमा भाइ, बहिनी हेर्नुपर्छ ।
आदर सङ्गति	निम्न आदर	नूछ : हाप्त खातानाः । आना नापे बाना/भाना ।	भाइ कता हिँडिस् । तँ यता आइज ।
	मध्यम आदर	नीछँ हाप्त लाम्धूमाना । आना नापे बाना/भाना ।	बहिनी कता हिँड्यौ । तिमी यता आउ ।
	उच्च आदर	कँपा हाप्त खाइतीमी । आनानी नापे बानानी/भानानी ।	मामा कता जाँदै हुनुहुन्छ । तपाइँ यता आउनुहोस् ।

४.३.५विशेष्य र विशेषणमा पदसङ्गति

वाक्यमा प्रयोग हुने विशेष्य (नामपद) को जुन लिङ्ग, वचन र आदर छ विशेषणको लिङ्ग, वचन र आदर पनि उही रहनुलाई विशेष्य र विशेषणमा पदसङ्गति भनिन्छ । साम्पाङ भाषामा विशेष्य र विशेषणको पदसङ्गति अवस्था यस्तो देखिन्छ :

साम्पाङ

क) मकचू वाच्छा । (कालो केटो ।)

मकचू छा /मीमाछा । (काली केटी ।)

ख) लुतेङा वाच्छा । (दुब्लो छोरो ।)

लुतेङा मीमाछा ।(दुब्ली छोरी ।)

ग) उतूइको/ चूकीको नूछाची ।(साना भाइहरू ।)

उतूइको/ चूकीका मीमाछाची ।(साना बहिनीहरू ।)

घ) तदूङ्से वाच्छा ।(जेठो छोरो ।)

तँमा मीमाछा ।(जेठी छोरी ।)

ङ) तूम्बासू फूपा कूकूदू तूईमी । (बुढो बाजे कुप्रो हुनुहुन्छ ।)

तूम्बासू फूपाची कूकूदू तूईमी । (बुढो बाजेहरू कुप्रो हुनुहुन्छ ।)

च) हालाला बूङा । (रातो फूल ।)

हालाला बूङाची । (राता फूलहरू ।)

माथिका उदाहरण अनुसार साम्पाङ भाषामा विशेष्य र विशेषणमा सङ्गति पाईदैन् ।

क. विशेष्य र विशेषणमा लिङ्ग सङ्गति अवस्था

वाक्यमा प्रयोग हुने विशेष्य (नामपद) को जुन लिङ्गमा छ, विशेषण पनि उही लिङ्गमा रहनुलाई विशेष्य र विशेषणमा लिङ्गसङ्गति भनिन्छ । साम्पाङ भाषामा विशेष्य र विशेषणको लिङ्गसङ्गति अवस्था यसरी रहेका छन् :

साम्पाङ

क) मकचू वाच्छा । (कालो केटो ।)

मकचू छा /मीमाछा । (काली केटी ।)

ख) तदूङ्से वाच्छा ।(जेठो छोरो ।)

तँमा मीमाछा । (जेठी छोरी ।)

ग) खाईसू नूछ : ।(सानो भाइ ।)

खाईसू नीछा : । (सानी बहिनी ।)

घ) पोरनको धमी । (पुङ्को लोग्ने ।)

पोरनको यू : । (पुङ्की स्वास्नी ।)

थूपी एक्सीपो । (टर्रो हर्रो ।)

माथिका उदाहरणमा केटी,छोरी, बहिनी, स्वास्नी विशेष्य नामपदमा काली ,जेठी,सानी,पुड्की स्त्रीलिङ्ग एकवचन प्रयोग भएका छन् । केटो, दाजु, भाइ, लोग्ने विशेष्य अनुसार कालो, जेठो, सानो, पुडको विशेषण प्रयोग भएका छन् । साम्पाङ भाषामा कालो ,काली, पुड्को, पुड्की दुवै लिङ्गमा मकचू, खाईसू, पोरनको विशेषण प्रयोग भएका छन् भने जेठो र जेठी विशेषणमा तूदूङ्से पुलिङ्ग र तमा स्त्रीलिङ्गमा प्रयोग भएको हुँदा यदाकदा लिङ्ग सङ्गति पाइन्छ ।

ख.विशेष्य र विशेषणमा वचन सङ्गति

वाक्यमा आएको विशेष्य जुन वचनमा छ, विशेषण पनि त्यही वचनमा हनुपर्दछ । यसरी नै विशेष्य र विशेषण वचनका आधारमा सङ्गति भनिन्छ । साम्पाङ भाषामा विशेष्य र विशेषणमा वचन सङ्गति अवस्था यसरी रहेका छन्, जस्तै

साम्पाङ

क) उतूइक/चूकी नूछा । (सानो भाइ ।)

उतूइक/चूकी नूछाची । (साना भाइहरू ।)

ख) कँ गी । (म भन्छु ।)

कैचीवा गी : ची । (हामी दुईले भनौँ ।)

कएका ग्ये /गे । (हामी भनौँ ।)

ग) हालाला वूङा तीकू । (रातो फूल उन ।)

हालाला वूङा तीकूची । (रातो फूल उनौँ ।)

हालाला वूङाची तीकची । (रातो फूलहरू उनौँ ।)

घ) छेमे /छेमानी । (चिनजान गरौँ ।)

काची छे :मी ची । (हामी दुई चिनजान गरौँ ।)

कएका छेमोमी । (हामी चिनजान गरौँ ।)

ङ) खान्नीक वाच्छा खीम् खाता । (राम्रो केटो घर गयो ।)

खान्नीक वाच्छाची खीम् खातानी । (राम्रा दुई केटा घर गए ।)

खान्नीक वाच्छाची खीम् खातानी । (राम्रा केटाहरू घर गए ।)

माथिका उदाहरणमा (भाइ,फूल, केटो,दुईभाइ, भाइहरू) एक, दुई र बहुवचनबोधक विशेष्यहरूमा (साना, रातो, राम्रो) एकवचनकै विशेषण प्रयोग भएका छन् भने द्विवचन बहुवचनमा पदसङ्गति पाइन्छ । विशेष्य सङ्गतिगत भएपनि विशेषणमा सङ्गति पाइदैन ।

(साना, रातो, राम्रो) तीनवटै विशेषणमा (उतूईक/चूकी, हालाला, खान्नीक) प्रयोग भएका छन् भने (ची) ले विशेष्यमा दुई र बहुवचन जनाएका छन् । त्यसैले साम्पाङ भाषाको विशेष्यमा वचनगत भेद पाइएतापनि विशेषणामा पाइँदैन ।

ग. आदर सङ्गति

वाक्यमा आएको विशेष्यको आदर अनुसार विशेषणको प्रयोग नै विशेष्य र विशेषणमा आदरका आधारमा हुने

सङ्गति हो ।साम्पाङ भाषामा विशेष्य र विशेषणमा आदरको अवस्था यस्तो पाइन्छ, जस्तै :

साम्पाङ

ध्याप्पा मीना । (ठूला मान्छे ।)

सीवीरमा/उतूइक छा । (साना नानी ।)

मकचू वाच्छा । (काला केटा ।)

खान्नीक मीमाछा । (राम्रा बहिनी ।)

माथिका उदाहरणमा (ठुला, साना, काला, राम्रा) बहुवचन बोधक विशेषणहरू हुन् तर आदरका रूपमा प्रयोग गर्दा एकवचनको विशेष्यमा पनि बहुवचन बोधक विशेषण (मान्छे, नानी, केटा,बहिनी) मा प्रयोग भएका छन् आदरका आधारमा साम्पाङ भाषामा विशेष्य र विशेषणमा सङ्गति पाइदैन ।

तालिका विशेष्य र विशेषणमासङ्गति

साम्पाङ		नेपाली	
लिङ्ग सङ्गति	पुलिङ्ग स्त्रीलिङ्ग	मकचू वाच्छा । कालो केटो । मकचू छा /मीमाछा ।	कालो केटो । काली केटी ।
वचन सङ्गति	एक वचन द्विवचन बहुवचन	कँ गी । कैचीवा गी : ची । कएका ग्ये /गे ।	म भन्छु । हामी दुईले भनौँ । हामी भनौँ ।
आदर सङ्गति	निम्न आदर मध्यम आदर उच्च आदर	ध्याप्पा मीना । सीवीरमा/उतूइक छा । मकचू वाच्छा । खान्नीक मीमाछा ।	ठूला मान्छे । साना नानी । काला केटा । राम्रा बहिनी ।

४.३.६.भेदक र भेद्यमा सङ्गति

षष्ठी विभक्तिका चिन्हहरू (को, का, की/रो, रा, री/नो, ना, नी) लागेका शब्दहरू विशेषण हुन्छन् , जसलाई भेदक पनि भनिन्छ । भेद्य भनेको भेदकले विशेषता बुझाउने नाम हो । भेद्य जुन लिङ्ग, वचन र आदरमा हुन्छ भेदक पनि सोही लिङ्ग वचन र आदरमा रहेर मेल हुनु भेदक र भेद्यमा सङ्गति भनिन्छ । साम्पाङ भाषामाभेदक र भेद्यय विचको अवस्था यसरी रहेकोहुन्छ ।

क.लिङ्ग सङ्गति

वाक्यमा भेद्य जुन लिङ्गमा छ भेदक पनि उही लिङ्गमा हुनुलाई भेद्य र भेदको सङ्गति भनिन्छ ।

साम्पाङ

क) अँमी वाच्छा । (मेरो छोरो ।)

एमी/फूवा योछा । (आफ्नो भान्जो ।)

खोचीमी नूछ : । (उनीहरूको भाइ ।)

ख) अँमी मीमाछा । (मेरी छोरी ।)

एमी/फूवा योछा । (आफ्नी भान्जी ।)

खोचीमी नीछा : । (उनीहरूको बहिनी ।)

माथिका उदाहरणमा पुलिङ्ग र स्त्रीलिङ्ग दुवैमा (अँमी, एमी/ फूवा ,खोचीमी) र भान्जा भान्जीमा (योछा) भएकाले भेद्य र भेदकमा लिङ्ग सङ्गति पाइदैन ।

ख.वचन सङ्गति

वाक्यमा आएका भेद्य जुन वचनमा छ भेदक पनि सोही वचनमा हुनुलाई भेदक र भेद्यमा वचन सङ्गति वचन सङ्गति भनिन्छ,जस्तै : को, का, की

साम्पाङ

क) पारुहाङमी नूछः ता । (पारुहाङको भाइ आयो ।)

पारुहाङमी नीछँः ता । (पारुहाङकी बहिनी आइन् ।)

पारुहाङमी नूछामेचीः तामी । (पारुहाङकी बहिनीहरू आए ।)

रो, रा, री

ख) कँङा अँमी वाच्छालाई छाब्मसूङ पीङ । (मैले मेरो छोरालाई कलम दिएँ ।)

कँङा अँमी नीछालाई छाब्मसूङ पीङ । (मैले मेरी छोरीलाई कलम दिएँ ।)

कँङा अँमी नूछनीछाचीलाई छाब्मसूङ पीङ । (मैले मेरा छोरा छोरीलाई कलम दिएँ ।)

नो, ना, नी

ग) यलम्बर वा एमी नूछालाई याप्सू । (यलम्बरले आफनो भाइलाई पिट्यो ।)

यलम्बरवा एमी नीछलाई याप्सू । (यलम्बरले आफनो बहिनीलाई पिट्यो ।)

यलम्बरवा एमी नूछनीछाचीलाइ याप्सूची । (यलम्बरले आफना भाइबहिनीहरूलाई पिटे ।)

माथिका उदाहरणका अनुसार नेपाली भाषामा षष्ठी विभक्तिका चिन्हहरू (को, का, की/रो, रा, री/नो, ना, नी) लिङ्ग वचन र आदरको आधारमा प्रयोग भइ पदसङ्गति भएतापनि साम्पाङ भाषामा (को, का, की/रो, रा, री), (मी), (नो, ना, नी) का लागि (वा) विभक्तिका चिन्हहरू प्रयोग भएकाले भेदक र भेद्यमा वचन सङ्गति पाइदैन ।

ग. आदर सङ्गति

भेद्य जुन आदरमा हुन्छ, भेदक पनि सोहीआदरमा रहनुलाइ भेद्य र भेदकको सङ्गति भनिन्छ ।

साम्पाङ

अँमी वाच्छा ।	(मेरा छोरा ।)
खोचमी तँपा ।	(उनीहरूको हाकिम ।)
फूवा पापा ।	(आफ्ना बाबु ।)

माथिका उदाहरणका अनुसार (छोरा, हाकिम, बाबु) एकवचन आदर पुलिङ्गमा (मेरा उनीहरूको आफ्ना) मा साम्पाङ भाषामा (अँमी ,खोचीमी, फूवा) प्रयोग भएका छन् । आदर र उच्चआदरमा पनि उही शब्द प्रयोग गरीने भएकाले आदर सङ्गति पाइदैन ।

तालिका नं.भेदक र भेद्यमा सङ्गति

साम्पाङ		नेपाली	
लिङ्ग सङ्गति	पुलिङ्ग स्त्रीलिङ्ग	अँमी वाच्छा । अँमी मीमाछा ।	मेरो छोरो । मेरी छोरी ।
व्चन सङ्गति	एक वचन द्विवचन बहुवचन	पारुहाङमी नूछः ता । कँङा अँमी वाच्छाहिसाचीलाई छाब्मसूङ पीङो । यलम्बरवा एमी नूछनीछाचीलाइ	पारुहाङको भाइ आयो । मैले मेरो छोरादुईलाई कलम दिएँ । यलम्बरले आफ्ना भाइबहिनीहरूलाई

		याप्सूची ।	पिटे ।
आदर सङ्गति	निम्न मध्यम उच्च	अँमी वाच्छा । खोचमी तँपा । फूवा पापा ।	मेरा छोरा । उनीहरूको हाकिम । आफ्ना बाबु ।

४.४.साम्पाङ र नेपाली भाषाको पद सङ्गतिको तुलना

'भषा र व्याकरण एक सिक्काको दुई पाटा हुन्' एकको अभावमा अर्को अपाङ्ग हुन जान्छ । संसारमा बोलीने सबै भाषाहरू व्याकरणात्मक हुन्छन् तर सबै भाषाहरूका लेख्य व्याकरण नहुनसक्छ । व्याकरणात्मक कोटिका आधारमा भाषा प्रयोग गरिने हुँदा मानक व्याकरणको आधारमा अन्य भाषाहरूको तुलनात्मक अध्ययन गरिनु आवश्यक हुन्छ । त्यसैले यहाँनेपाली भाषाको मानक व्याकरणको आधारमा साम्पाङ भाषाको पदसङ्गतिमा तुलनात्मक अध्ययन गरिएको छ।

४.४.१.उद्देश्य र विधेयको सङ्गति

४.४.१.१.कर्ता र क्रिया सङ्गतिको तुलना

कर्ता जुन लिङ्ग, वचन,पुरुष र आदरको हुन्छ, क्रिया पनि सोही लिङ्ग, वचन,पुरुष र आदरको हुनुलाई कर्ता र क्रियाको सङ्गति भनिन्छ, जस्तै :

साम्पाङनेपाली

नूछ : खीम् खाती ।	भाइ धर जान्छ ।
तँमा छीमाछा ता ।	ठूली छोरी आई ।
कएका खीम् खातीका ।	हामी घर जान्छौँ ।
आना खीम् खाता ।	तँ घर जा ।
आना खीम् खातानी ।	तिमी घर जाउ ।
आनानी खीम् खातानी ।	तपाइँ घर जानुहोस् ।

माथिका उदाहरण अनुसार लिङ्ग, वचन,पुरुष र आदरको आधारमा कर्ता र क्रियामा सङ्गति भएको पाइन्छ र वाक्यले पूरा अर्थ दिएका छन् ।

क. कर्ता र क्रियामा लिङ्ग सङ्गति

वाक्यमा कर्ता जुन लिङ्गको हुन्छ क्रिया पनि सोही लिङ्गको हुनुलाई कर्ता र क्रियामा लिङ्ग सङ्गति भनिन्छ । साम्पाङ भाषामा कर्ता र क्रियामा लिङ्ग सङ्गतिको अवस्था निम्नअनुसार छन्, जस्तै :

साम्पाङ	नेपाली
क)नूछ : खीम् खाती ।	भाइ धर जान्छ ।
नीछँ : खीम् खाती ।	बहिनी धर जान्छे ।
ख)पारुहाङ बूङा लेओ ।	पारुहाङ फूल रोप्छ ।
नाईहोँमा बूङा लेओ ।	नाईहोँमा फूल रोप्छे ।
ग) वाच्छा खीम्पी तूवाकतूई ।	केटो घरमा बसेकोछ ।
मीमाछा खीम्पी तूवाकतूई ।	केटी घरमा बसेकीछे ।

माथिका उदाहरण अनुसार कर्ता (भाइ, बहिनी, पारुहाङ, नाईहोँमा, केटा, केटी) मा (जान्छ, जान्छे, रोप्छ, रोप्छे, बसेकोछ, बसेकीछे) क्रियाले पदसङ्गति गरेको पाइन्छ भने साम्पाङ भाषामा (नूछ :नीछ, पारुहाङ, नाईहोँमा, वाच्छा , मीमाछा) कर्तामा (खाती, लेओ, तूवाकतूइ) मात्र क्रिया प्रयाग भएकाले कर्तामा लिङ्गसङगति भएपनि क्रियामा लिङ्ग सङ्गति पाइदैन ।

ख. कर्ता र क्रियामा वचन सङ्गति

कर्ता जुन वचनमा हुन्छ, क्रिया पनि सोही वचनमा रहनुलाई कर्ता र क्रियामा वचन सङ्गति भनिन्छ । साम्पाङ भाषामा कर्ता र क्रियाको वचन सङ्गति यस्तो पाइन्छ, जस्तै

साम्पाङ	**नेपाली**
क) कँ खीम् खातोँ ।	म घर जान्छु ।
कैँचीका खीम् खातीचीका ।	हामी दुई घर जान्छौँ ।
कएका खीम् खातीका ।	हामी घर जान्छौँ ।
ख) कँ बामू भू:स ।	म फापर छर्छु ।
कैँचीका बामू भू:सूचू ।	हामी दुई फापर छरौँ ।
कएका बामू भू:साम् ।	हामी फापर छरौँ ।

माथिका उदाहरण अनुसार (म, हामी दुई, हामी) कर्तामा (जान्छु , जान्छौँ, जान्छौँ) क्रिया लागेर वचन सङ्गति भएका छन् भने साम्पाङ भाषामा पनि (कँ,कैँचीका, कएका) कर्तामा (खातोँ, खाताचीका, खातीका) क्रिया लागेर एकवचन, द्विवचन, वहुवचनको कर्ता र क्रियामा वचन सङ्गति पइन्छ ।

ग. कर्ता र क्रियामा पुरुष सङ्गति

कर्ता जुनपुरुषमा रहेको हुन्छ, क्रिया पनि सोही पुरुषाम रहनुलाई कर्ता र क्रियामा पुरुष सङ्गति भनिन्छ । साम्पाङ भाषामा कर्ता र क्रियाको पुरुष सङ्गति यस्तो पाइन्छ, जस्तै

साम्पाङ	नेपाली
कँ खीम् खातौँ ।	म घर जान्छु ।
आना खीम् खाता ।	तँ घर जा ।
आना खीम् खातानी ।	तिमी घर जाउ ।
आनानी खीम् खातानी ।	तपाइँ घर जानुहोस् ।
खो खीम् खातानी ।	उहाँ घर जानुहुन्छ ।
यँले/ग्यानीय खीम् खातामी ।	हजुर घर गइसिन्छ ।

माथिका उदाहरण अनुसार कर्ता (म, तँ, तपाइँ,उहाँ,हजुर) मा (जान्छु, जा, जानुहोस्, जानुहुन्छ, गइसिन्छ) क्रिया लागेर पुरुष सङ्गति भएका छन् भने साम्पाङ भाषामा (कँ, अना,अनानी, खो,यँले/ग्यानीय) कर्तामा (खातौँ, खाता,खातानी,खातानी,खातामी) जस्ता क्रियापद प्रयोग भएर तीन तहका पुरुष सङ्गति पाइन्छ ।

घ. कर्ता र क्रियामा आदर सङ्गति

कर्ता जुन आदरमा हुन्छ, क्रिया पनि सोही आदरमा रहनुलाई कर्ता र क्रियामा आदर सङ्गति भनिन्छ । साम्पाङ भाषामा कर्ता र क्रियाको आदर सङ्गति यस्तो पाइन्छ, जस्तै :

साम्पाङ	**नेपाली**
आना खीम् खाता ।	तँ घर जा ।
आना खीम् खातानी ।	तिमी घर जाउ ।
आनानी खीम् खातानी ।	तपाइँ घर जानुहोस् ।
खो खीम् खातानी ।	उहाँ घर जानुहुन्छ ।
यँले/ग्यानीय खीम् खातामी ।	हजुर घर गइसिन्छ ।

माथिका उदाहरण अनुसार कर्ता (म, तँ, तपाइँ,उहाँ,हजुर) मा (जान्छु, जा, जानुहोस्, जानुहुन्छ, गइसिन्छ) क्रिया लागेर चार तहका खादर सङ्गति भएका छन् भने साम्पाङ भाषामा (कँ, अना,अनानी, खो,यँले/ग्यानीय) कर्तामा (खातौँ, खाता,खातानी,खातानी,खातामी) जस्ता क्रियापद प्रयोग भएर तीन तहका आदर सङ्गति पाइन्छ ।

४.४.१.२ कर्म र क्रियामा सङ्गति

नेपाली भाषामा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सङ्गति हुनुलाई कर्म र क्रियामा सङ्गति भनिन्छ ।साम्पाङ भाषामाकर्म र क्रियामा सङ्गति व्यवस्था यसरी रहेको पाइन्छ, जस्तै :

क. लिङ्ग सङ्गति-

साम्पाङ	नेपाली
मीमाछा याप्सूची ।	केटी पिटिई ।
वाच्छा याप्सूची ।	केटो पिटियो ।
छ्याकूमा खीम् खाती ।	चेली घर जान्छे ।
छेवा सिम्बूदाता खाती ।	माइती ससुरा जान्छ ।

माथिका उदाहरण अनुसार (केटा, माइति) पुलिङ्ग कर्ममा (पिटियो, जान्छ) पुलिङ्ग क्रिया र (केटी ,चेली) स्त्रीलिङ्गी कर्ममा (पिटिई, जान्छे) क्रिया प्रयोग भई पदसङ्गति भएका छन् तरसाम्पाङ भाषाको दुवै लिङ्गमा (याप्सूची, खाती) क्रिया प्रयोग भएकाले लिङ्ग सङ्गति पाइदैन ।

ख. वचन सङ्गति-

साम्पाङ	नेपाली
कँ याप्सामूङ ।	म कुटिएँ ।
कैचीका याप्सामूमी ।	हामी दुई कुटियौँ ।
कएका याप्सेमी ।	हामी कुटियौँ ।
पो: लीउ ।	रुख रोपेँ ।
पो:ची लीउची ।	रुखहरू रोपिए ।

माथिका उदाहरण अनुसार (म ,रुख) कर्ममा (कुटिएँ , रोपेँ) क्रिया (हामी, रुखहरू) मा (कुटियौँ, रोपिए) क्रिया प्रयोग भई पदसङ्गति भएका छन् । साम्पाङ भाषामा पनि (कँ , पो) कर्ममा (याप्सामूङ, लीउ) क्रिया, (कैचीका) कर्ममा (याप्सामूमी)र (कएका, पो:ची) कर्ममा (याप्सेमी , लीउची) क्रिया प्रयोग भइ पदसङ्गति भएको पाइन्छ ।

ग. पुरुष सङ्गति-

साम्पाङ	नेपाली
कँ याप्सामूङ ।	म कुटिएँ ।

आना याप्समीना ।	तँ कुटिईस् ।
खो याप्सोची ।	उ कुटियो ।

माथिका उदाहरण अनुसार (म, तँ, उ) प्रथम ,द्वितीय, तृतीय पुरुषमा (कुटिएँ,कुटिईस्,कुटियो) क्रिया प्रयोग भई पदसङ्गति भएका छन् । साम्पाङ भाषामा पनि (कँ, आना,खो) कर्तामा (याप्सामूङ, याप्समीना, याप्सोची) क्रिया प्रयोग भई पदसङ्गति भएका छन् ।

घ. आदर सङ्गति-

साम्पाङ	नेपाली
आना खाता ।	तँ जा ।
आना खातानी ।	तिमी जाउ ।
आनानी खातानी ।	तपाइँ जानुहोस् ।
यँले/ग्यानीय खातानी ।	हजुर गइसिन्छ ।

माथिका उदाहरण अनुसार (तँ, तिमी, तपाइँ, हजुर) चार तहका आदर कर्तामा (जा, जाउ, जानुहोस्, गइसिन्छ) क्रिया प्रयोग भई सङ्गति भएका छन् । साम्पाङ भाषामा (आना, आना, आनानी, यँले/ग्यानीय) कर्तामा (खाता,खातानी) क्रिया प्रयोग भई निम्न आदर र उच्च आदर पदसङ्गति भएको हुँदा दुई किसिमकोआदर सङ्गति पाइन्छ ।

४.४.१.३ नाम र सर्वनामको सङ्गति

नामपद जुन वचन, पुरुष र आदरमा हुन्छ सर्वनाम पनि सोही आधारमा रहनुलाई नाम र सर्वनामको सङ्गतिभनिन्छ, जस्तै :

साम्पाङ नेपाली

क) सूम्नीमा नूवाखीम् खाती । खो मपी नेमातूई । सुम्नीमा स्कूल जान्छिन् । उनी त्यहाँ पढ्छिन् ।

ख) यलम्बरमी खीम् तेपी तूई । खोमी नूवाखीम् मेथाम् तूई । यलम्बरको घर गाँउमा छ । उसको स्कूल टाढा छ ।

क. वचन सङ्गति-

नमपद जुन वचन छ , सर्वनामका पनि सोही वचनमा रहनुलाई नाम र सर्वनामको वचन सङ्गतिभनिन्छ, जस्तै :

साम्पाङ	नेपाली

क) सूम्नीमा नूवाखीम् खाती । खो मपी नेमातूई । सूम्नीमा स्कूल जान्छिन् । उनी त्यहाँ पढ्छिन् ।

ख) पेलम् लो मेलम् वालीखा खाता । खोचीवा पो : ध्याचेम् ।पेलम् र मेलम् वन गए । उनीहरूले रुख ढाले ।

ग) मीनाचीवालीखा खाता । खोचीवा पो : ध्यानूम् । मानिसहरू वन गए । उनीहरूले रुख ढाले ।

माथिका उदाहरणअनुसार नमपदहरू (सूम्नीमा, पेलम् र मेलम, मानिसहरू) मा (उनी, उनीहरूले) सर्वनाम पदद्वारा वचन सङ्गति भएको नेपाली भाषामा छ भने साम्पाङ भाषामा पनि (सूम्नीमा, पेलम् र मेलम, मीनाची) नामपदहरूमा (खो, खोचीवा) जस्ता सर्वनाम शव्दहरू प्रयोग भई नाम र सर्वनामा वचन सङ्गति भएको पाइन्छ ।

ख. पुरुष सङ्गति-

नामपद जुन पुरुषमा छ , सर्वनामका पनि सोही पुरुषमा रहनुलाई नाम र सर्वनामको पुरुष सङ्गतिभनिन्छ, जस्तै :

	साम्पाङ	नेपाली
क)	कँ लो खीयामा लोङ नूवाखीम् खातौं ।	म र खीयामा सँगै स्कूल जान्छौं ।
	काची नूवाखीम्पी नेमाङो ।	हामी स्कूलमा पढ्छौं ।
ख)	दीलीदूम् हालो तामा ।	दीलीदूम् कहीले आयौ ।
	आना हने हालो खातीङ ।	तिमी अब कहिले जान्छ्यौ ।

ग) तयामा नेमा खातीना । उङ खीम्पी नूछ : नीछँ खोमाची ।तयामा पढ्न जाँदिन । उसको घरमा भाइबहिनी हेर्नुपर्छ ।

माथिका उदाहरण अनुसार (म, दीलीदूम्, तयामा) नामीक पदहरूमा (हामी, तिमी, उ) प्रथम,द्वितीय रतृतीय पुरुषबोधकसर्वनाम प्रयोग भई सङ्गति भएको पाइन्छ । साम्पाङ भाषामा पनि (कँ, दीलीदूम ,तयामा) परुषबोधक नाम पदमा काची,आना,उङ) प्रथम ,द्वितीय रतृतीय पुरुषबोधक सर्वनाम प्रयोग भई नाम र सर्वनाममा सङ्गति भएको पाइन्छ ।

ग. आदर सङ्गति-

नमपद जुन आदरमा छ , सर्वनामका पनि सोही आदरमा रहनुलाई नाम र सर्वनामको आदर सङ्गतिभनिन्छ, जस्तै :

साम्पाङ नेपाली

क) नूछ : हाप्ता खाताना । आना नापे बाना/ भाना । भाइ कता हिँडिस् । तँ यता आइज ।

ख) तयामा हाप्ता लाम्धूमाना । आना नापे बाना/ भाना । तयामा कता हिँड्यौँ । तिमी यता आऊ ।

ग) कँपा हाप्ता खातमी । आनानी नापे बानानी/ तानी । मामा कता जाँदै हुनुहुन्छ । तपाइँ यता आउनुहोस् ।

माथिका उदाहरणअनुसार (भाइ ,तयामा,मामा,) निम्न, मध्यम् र उच्च नामबोधक शब्दहरूमा (तँ,तिमी,तपाइँ) सर्वनाम शब्दहरू मेल भई नेपालीमा नाम र सर्वनामको आदर सङ्गति भएका छन् भने साम्पाङ भाषामा पनि (नूछ :, तयामा, कँपा)नाम पदहरूमा (आना) ले निम्न र मध्यम् (आनानी) ले उच्च आदर देखाएका छन् । त्यसैले साम्पाङ भाषामा आदर सङ्गतिपाइन्छ ।

४.४.१.४विशेष्य र विशेषणको सङ्गति

वाक्यमा प्रयुक्त विशेषण र विशेष्य (नामपद) का बीचमा लिङ्ग, वचन र आदरका आधारमा सङ्गति हुनु लाई विशेषण र विशेष्यको सङ्गति भनिन्छ ।

क. विशेष्य र विशेषणमा लिङ्ग सङ्गति

विशेष्य (नामपद) जुन लिङ्गमा छ, विशेषण पनि सोही लिङ्गमा हुनुलाई विशेषण र विशेष्यमा लिङ्ग सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ	**नेपाली**
धूङ्लीक नूछ : ।	राम्रो भाइ ।
धूङ्लीक नीछँ ।	राम्री बहिनी ।
ध्याप्पा खोचीलीप्पा ।	ठूलो खोचीलीप्पा ।
तँमा तयामा ।	ठूली तयामा ।
रीपीको पारुहाङ ।	अग्ला पारुहाङ ।
रीपीको नाईहोँमा ।	अग्ली नाईहोँमा ।

माथिका उदाहरण अनुसार (बहिनी, तयामा, नाईहोँमा) स्त्रीलिङ्गी नामपदमा (राम्री, ठूली, अग्ली) विशेषण र (भाइ, खोचीलीप्पा, पारुहाङ) नामपदमा (राम्रो, ठूलो,अग्लो) विशेषण प्रयोग भई लिङ्ग सङ्गति भएका छन् भने साम्पाङ भाषामा (नीछँ, तयामा, नाईहोँमा) नामपदमा (धूङ्लीक, तँमा, रीपीको) विशेषण प्रयोग भएका छन् । पुलिङ्ग (नूछ :,

खोचीलीप्पा, पारुहाङ) नामपदमा (धूङ्लीक, ध्याप्पा, रीपीको) विशेषणप्रयोग भएको हुँदा पदसङ्गति नदखिएतापनि पुलिङ्ग ठूलो (ध्याप्पा)र स्त्रीलिङ्ग ठूली (तँमा) विशेषणको भने सङ्गति पाइएको छ ।

ख. विशेष्य र विशेषणको वचन सङ्गति

वाक्यमा विशेष्य (नामपद) जुन वचनमा छ, विशेषण पनि सोही वचन हुनुलाई विशेषण र विशेष्यमा वचन सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ	**नेपाली**
क) मकचू वाच्छाची लामैलाम खाता ।	कालाकेटाहरू बाटैबाटो गए ।
मकचू वाच्छाच लामलाम खाता ।	कालौ केटा बाटैबाटो गयो ।
ख) चुकीको मीमाछा खीम् खाता ।	सानी केटी घर गई ।
चुकीको मीमाछाची खीम् खाता ।	सानी केटीहरू घर गए ।
ग) हालाला कितापा नेमा ।	रातो किताब पढ ।
हालाला कितापाची नेमा ।	रातो किताबहरू पढे ।

माथिका उदाहरण अनुसार (कालो, काला,सानो,साना,रातो,राता) विशेषण शब्दहरूले एक र बहुवचन बोधक हुन् । जस्मा (केटा, केटाहरू, केटी, केटीहरू, किताब, किताबहरू) विशेष्य पदहरूको सङ्गति भएका छन । तर साम्पाङ भाषामा विशेष्य पदहरूमा सङ्गति भए पनि दुवैवचनमा (मकचू, चूकीको, हालाला) विशेषण शब्द प्रयोग भएकाल वचन सङ्गति पाइँदैन ।

ग. विशेष्य र विशेषणको आदर सङ्गति

वाक्यमा विशेष्य (नामपद) जुन आदरमा छ, विशेषण पनि सोही आदर हुनुलाई विशेषण र विशेष्यमा आदर सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ	नेपाली
ध्याप्पा मीना ।	ठूला मान्छे ।
चुकीको वाच्छा ।	साना केटा ।
मकचू छा ।	काला नानी ।

माथिका उदाहरण अनुसार (ठूला, साना, काला) वशेषणहरू बहुवचन बोधक हुन् तर आदरका रूपमा प्रयोग गर्दा एकवचनको विशेष्य (मान्छे, केटा, नानी) जस्तामा बहुवचन

बोधक विशेषण प्रयोग गरी आदर सङ्गति भएका छन्, तर साम्पाङ भाषामा आदरको आधारमा विशेषण प्रयोग नहुने भएकाले विशेषण र विशेष्यमा सङ्गति पाइदैन ।

४.४.१.५ भेदक र भेद्यमा सङ्गति

वाक्यमा भेदक र भेद्य पदको बिच लिङ्ग र वचनका आधारमा मेल हुनुलाई नै भेदक र भेद्यमा सङ्गति भनिन्छ ।

क. भेदक र भेद्यमा लिङ्ग सङ्गति

वाक्यमा भेद्य जुन लिङ्गमा छ भेदक पनि सोही लिङ्गमा हुनुलाई भेदक र भेद्यको लिङ्ग सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ	नेपाली
अँमी वाच्छा नूवाखीम् खाता ।	मेरो छोरो स्कूल गयो ।
अँमी मीमाछा नूवाखीम् खाता ।	मेरी छोरी स्कूल गई ।
राममी नूछ : खीम् खाता ।	रामको भाइ घर गयो ।
राममी नीछँ : खीम् खाता ।	रामकी बहिनी घर गई ।
फूवा नीनीलाई सेवामू ।	आफ्नो फूपूलाई ढोग ।
फूवा बूबूचीलाई सेवामू ।	आफ्ना दाजुहरूलाई ढोग ।

माथिका उदाहरण अनुसार (छोरी, बहिनी, आफू) जस्ता भेद्यमा (मेरी, रामकी, आफ्नी) स्त्रीलिङ्गी बोधक भेदक प्रयोग भएका छन् भने (छोरो, भाइ, ज्वाइँ) जस्ता पुलिङ्ग बोधक भेद्यमा (मेरो ,रामको, आफ्नो) पूलिङ्गी भेदकको प्रयोग भएर नेपालीमा लिङ्ग सङ्गति भएका छन् । साम्पाङ भाषामा (अँमी,राममी,फूवा) भेदक दुवैलिङ्गमा प्रयोग भएकाले लिङ्ग सङ्गति पाइदैन ।

ख. भेदक र भेद्यमा वचन सङ्गति

वाक्यमा भेद्य जुन वचनमा छ भेदक पनि सोही वचनमा हुनुलाई भेदक र भेद्यको वचन सङ्गति भनिन्छ, जस्तै :

साम्पाङ	**नेपाली**
अँमी नूछ : हाप्त खाता ।	मेरो भाइ कता गयो ।
अँमी नूछची हाप्त खाता ।	मेरा भाइहरू कता गए ।
रमितामी वाच्छा नेमू खाता ।	रमिताको छोरो पढ्न गयो ।
रमितामी वाच्छाची नेमू खाता ।	रमिताका छोराहरू पढ्न गए ।

माथिका उदाहरण अनुसार (भाइ, छोरो) एकवचन बोधक भेद्यमा (मेरो, रमिताको) एकवचनको भेदक प्रयोग भएका छन् । (भाइहरू, छोराहरू) वहुवचन बोधक भेद्यमा (मेरा,रमिताका) वहुवचन बोधक भेदक प्रयोग भइ वचन सङ्गति भएका छन् । साम्पाङ भाषामा दुवै वचनमा (अँमी, रमितामी) भेदक प्रयोग भएकाले वचन सङ्गति पाइदैन ।

४.४.५.निष्कर्ष

हरेक भाषामा आ-आफनै किसिमले वाक्य निर्माण हुन्छन् । यसरी निर्मित वाक्यहरू अर्थपूर्ण हुनु नितान्त आवश्यक हुन्छ । नेपाली भाषामा मानक ब्याकरणका आधारमा लिङ्ग, वचन, पुरुष र आदर जस्ता ब्याकरणिक कोटिको परिधिमा सङ्गति रहेको पाइन्छ । पुरुष र स्त्री गरी दुई किसिमको लिङ्गभेद पाइन्छ । नाम, विशेषण र क्रियाबीच लिङ्गका आधारमा हुने सङ्गतिलाई लिङ्ग सङ्गति भनिन्छ । साम्पाङ भाषामा मानक लेख्य व्याकरणात्मक लिङ्ग व्यवस्था नभएकाले लिङ्ग सङ्गति पाइदैन । नेपाली भाषामाएउटा बुझाउनेलाई एकवचन र सोभन्दा बढी बुझाउनेलाई वहुवचन गरी दुई किसिमकोवचन व्यवस्था रहेको पाइन्छ । नाम, सर्वनाम, विशेषण र क्रियावीच वचनको सङ्गति पाइन्छ । साम्पाङ भाषामा नाममा दुई किसिमको वचन देखीएतापनि सर्वनाम र क्रियामा तीन किसिमको वचन व्यवस्था पाइन्छ र यस भाषामा नाम, सर्वनाम र क्रियामा मात्र वचन सङ्गति पाइन्छ ।

नेपाली भाषामा तीन प्रकारको पुरुष व्यवस्थामा नाम, सर्वनाम र क्रियामासङ्गति रहेको पाइन्छ । साम्पाङ भाषामा पनि पुरुषको भेद तीन प्रकारको रहेको र वचनगत रूपमा पनि सङ्गति पाइन्छ ।

नेपाली भाषामा आदरका चार तह नाम, सर्वनाम र विशेषण र क्रियाबीच आदर सङ्गति पाइन्छ । साम्पाङ भाषामा अनादर र आदर गरी दुई तहको मात्रै नाम, सर्वनाम र क्रियाबीच आदर सङ्गति पाइन्छ ।

४.५.प्राप्ति तथा सारांश

४.५.१. प्राप्ति

क) पूर्वी नेपालको खोटाङ जिल्लाको बास्पानीको खोकोलुङलाई आफ्नो भाषा, संस्कार र संस्कृतिको आदिम थलो मान्ने साम्पाङ राइहरूको मातृ भाषा साम्पाङ भाषा हो । यो भाषा भोट बर्मेली भाषा परिवारको 'कुडाक' भाषिकामा रहेको ठहर भएको छ । स्वर वर्णमा छ वटा ह्रस्व र तीनवटा दीर्घ वर्ण र घोषत्व, प्राणत्व र नासिक्यका आधारमा सत्ताइसवटा व्यञ्जन वर्णहरू रहेका यस भाषाको मुख्य लिपि किरात लिपि भएतापनि देवनागरी लिपिमा

नै लेख्यरूप रहेको पाइन्छ । ध्वनि विज्ञानको अनुसार नै ह्रस्व, दीर्घ,अनुनासिकता, तान, हलन्त, द्विस्वर आदि नियम साम्पाङ भाषामा पनि रहेका छन् ।

लेख्य रूपमा कमै मात्रामा देखीने यसभाषाको कथ्य रूप बास्पानी , खार्ताम्छा र पाथेका गा.वि.स हरूमा प्रचुर मात्रामा मातृ भाषीको रूपमा बोलीने भएतापनि अन्य क्षेत्रमा कमै प्रभाब रहेको पाइन्छ । यस भाषामा 'साम्पा गूङ' शब्दकोश २०६१, किरात राई साम्पाङ भाषा संरक्षण समिति, खोटाङ, 'साम्पाङ राई शब्दकोश' सन् २००६, वाई.एल.वोन, त्रि.वि.भाषा विज्ञान विभाग, 'किरात खम्बू साम्पाङ राई, संक्षिप्त परिचय'२०६२, खगेन्द्रबहादुर साम्पाङ राई, वखयूङ्मा भाग १,२, बोलीचालीकासाम्पाङ भाषा जस्ता पुस्तक पत्र पत्रिकाहरू प्रकाशित भएको पाइन्छन् । राम्रो नियाल्दा साम्पाङ भाषालाई विकास गर्न सकिने आधारहरू भेटिन्छन् । तर अनुसन्धानको अभाव देखिन्छ ।

ख)खोटाङको खोकोलुङ साम्फेलुङलाई उद्गमस्थल मानिदै अएको साम्पाङ भाषाको अवस्था नियाल्दा लगभग २०६० को दशकसम्म कथ्यमा नै सिमीत रहेको पाइन्छ भने २०६१ देखि देवनागरी लिपिमा लेख्य रूपमा प्रचार प्रसारमा आउनथालको देखिन्छ । नेपालको खोटाङ , भोजपुर , सुनसरी, मोरङ, झापा, ललितपुर, काठमाण्डौं लगायतका जिल्लाहरूमा यो भाषा बोलीचालीमा रहनका साथै नेपाल बाहिरका मुलुकहरूमा पनि मातृभाषा साम्पाङ भएकाहरूले बोल्ने गरेको पाइन्छ । वि. सं. २०६८ को जनगणना तथ्याङ्क अनुसार १८२७० जनसंख्या रहेको साम्पाङ राई कुल राईहरूको जनसंख्यामा २.९४ प्रतिशत रहेका छन् । लगभग ७० प्रतिशतले मातृ भाषाको रूपमा साम्पाङ भाषा बोल्दछन् । यस भाषाको प्रभावी क्षेत्रहरूमा गैर साम्पाङहरूले पनि यो भाषा बोल्दछन् । साम्पाङहरूको जन्मदेखि मृत्यु पर्यन्तसम्मका शुभ अशुभ कार्यहरूमा मुन्धुम वा यही भाषाको प्रयोग गरेको पाइन्छ । नेपालको आन्तरिम संविधान २०६३ का आधारमा साम्पाङ भाषाको आधरभूत तह पाठ्य पुस्तकहरू तयार गरेको र कार्यन्वयनमा ल्याइएको पाइन्छ । यस भाषाको संरक्षणको लागि किरात साम्पाङ राई जुम्लेखा नेपाल केन्द्रीय कार्य समीति जस्ता संस्थाद्वारा पनि यस भाषाको संरक्षणको लागि कार्यरत पाइन्छ । भाषा संरक्षण समीति लागि संघ संस्था,व्यक्तिहरू संरक्षणमा लागेता पनि साम्पाङ भाषाको लेख्य प्रारूप, व्याकरणिक व्यवस्था नभएकाले अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यक रहेको पाइन्छ ।

ग) लेख्य रूपमा साम्पाङ भाषाको मानक व्याकरण व्यवस्था नभएकाले पदसङ्गति को व्यवस्था कथ्यमा नै रहेको पाइन्छ ।यस भाषामा वर्ण, स्वर, व्यञ्जन, अनुनासिकता, तानल,

घोषत्व, प्राणत्वका साथै कर्ता र क्रिया, कर्म र क्रिया नाम र सर्वनाम विशेषण र विशेष्य, भेदक र भेद्यमा लिङ्ग ,वचन, पुरुष, आदरका आधारमा केहीमा पदसङ्गति रहेको पाइन्छ र केहिमा पाइँदैन । भाषिक सम्प्रेषनका लागि अन्य भाषामा जस्तै बोल्न भन्न सकिन्छ ।

घ) साम्पाङ र नेपाली भाषाको पदसङ्गतिमातुलनात्मकअध्ययन गर्दा भिन्नता भएको पाइन्छ ।नेपाली भाषामा कर्ता र क्रियामा लिङ्गगत भिन्नता पाइन्छ भने साम्पाङभाषाको कर्तामा लिङ्गगत भेद भएतापनि क्रियामालिङ्ग सङ्गति पाइदैन । नेपाली भाषामा वचन दुई किसिमका छन् भने साम्पाङ भाषामा तीन किसिमको पाइन्छ । पुरुषमा दुवै भाषामा तीन पुरुष पाइन्छ । आदरमा नेपालीमा चार तह रहेका छन् भने साम्पाङ भाषामा अनादर र आदर गरी दुई तह मात्र पाइन्छ ।

४.५.२. सारांश

भोट बर्मेली भाषा परिवार भित्रको किरात (राई) समूहका भाषाहरू मध्येका एक भाषाको रूपमा साम्पाङ भाषा रहेको छ । राई मातृभाषीहरू मध्ये साम्पाङ भाषा बोल्नेहरूको सङ्ख्या न्यून नै मान्नु पर्दछ ।वि. सं. २०६८ को जनगणना तथ्याङ्क अनुसार कुल राई जनसङ्ख्यामा ०.०६ प्रतिशत कुल राईमा २.९४ प्रतिशत साम्पाङ राईहरू रहेका छन् । सो मध्ये ८० प्रतिशतले मातृभाषाको रूपमा साम्पाङ भाषा बोलेको पाइन्छ । राष्ट्रिय सन्दर्भमा यो भाषा ३२ औँ स्थानमा पर्दछ । साम्पाङ भाषीहरूको सघन बसोबास नेपालका पूर्वी पहाडी जिल्लाहरूखोटाङ , भोजपुर , ताप्लेजुङ र तराइका सुनसरी, मोरङ, जिल्लाहरू पर्दछन् ।

'साम्फा'-पाइला, 'लुङ'- ढुङ्गा = 'साम्फालुङ' चप्लेटी ढुङ्गामा पाइला टेकेको भन्ने अर्थमा 'साम्फालुङ' शब्द नै अपभ्रंश हुँदै आउँदा यो जाती 'साम्पाङ' हुन आएको र उनीहरूको भाषा पनि 'साम्पाङ' मातृभाषा रहन गएका भन्ने किम्वदन्ती रहेको पाइन्छ । यस भाषामा तापखोला वारी, तापखोला पारी, भोजपुरी गरेर तीन किसिमका भाषिक भेद रहेतापनि राष्ट्रिय स्तरबाट ऐतिहासिक वैज्ञानिक खोज अनुसन्धान गर्न प्रभावकारी कदमहरू चालिएको पाइँदैन ।यस भाषाको संरक्षण सम्वर्द्धन र उत्थानका लागि केही व्यक्ति तथा संस्थागत प्रयास गर्ने कार्यहरू जारीरहेको पाइन्छ ।

यस भाषाको शव्दकोश र सामान्य बोलीचालीका भाषा पत्र पत्रिका प्रकाशन भएको पाइए तापनि नियमित प्रभावकारी लेख्य सम्पादनको अभावका साथै भाषामावैज्ञानिक खोज अध्ययन अनुसन्धान , आधुनिकीकरण, मानक व्याकरण प्रकाशनको अति आवश्यकता

देखिन्छ । किरात र देवनागरी लिपि प्रयोग गरिएकोसाम्पाङ भाषामा ६ वटा स्वर वर्ण र २७वटा व्यञ्जन वर्णहरू रहेका छन् । नासिक्य ध्वनिमा विशेषत : चन्द्रविन्दु 'ङ' (ं)वर्णको अधिक प्रयोग पाइने यस भाषामा प्रायजसो मात्राहरू ह्रस्व हुन्छन् । कर्ता, कर्म र क्रियाको क्रममा साम्पाङ भाषा योगात्मक नै देखिन्छ । वाक्यमा प्रयुक्त पदहरूको आपसमा सुहाउँदो र अर्थपूर्ण रूपात्मक मेल नै सङ्गति हो । यो उद्देश्य र बिधयेका कर्ता, कर्म, क्रियाकाबीच नाम, सर्वनाम,विशेषण र विशेष्य, भेदक र भेद्यका बीचमा लिङ्ग ,वचन, पुरुष, आदरका जस्ताव्याकरणात्मक कोटिका आधारमा सङ्गति भएको पाइन्छ । यसरी वाक्यमा प्रयोग हुने नाम, सर्वनाम,विशेषण रक्रियाकाबीच लिङ्ग ,वचन, पुरुष र आदरका आपसी मेल हुनु नै पदसङ्गति हो । साम्पाङ भाषामा मानक व्याकरण नभएतापनि आफ्नै किसिमकोपदसङ्गति व्यवस्था भई अर्थमा पूर्णता दिइएको पाइन्छ ।यस भाषामा लिङ्गगत सङ्गति नदेखिएतापनिवचन, पुरुष र आदरका आधारमानाम, सर्वनाम,र क्रियाकाबीच सङ्गति पाइन्छ । साम्पाङ भाषामा तीन किसीमको वचन व्यवस्था र त्यही अनुसारकोक्रियासङ्गको सङ्गति रहेको पाइन्छ । पुरुषव्यवस्थामा पनि प्रथम, द्वितीय र तृतीय गरी तीन किसिमको नैपाइन्छ । तर वान्तावा भाषामा जस्तोप्रथम पुरुष द्विवचन र बहुवचनमा समावेशी र असमावेशीमा फरक पाइएतापनिसाम्पाङ भाषामा यस्तो पाइदैन ।आदरमा दुई तह मात्र रहेको र सङ्गतिव्यवस्था पनि सोही अनुसार रहेको पाइन्छ ।

नेपाली वाक्यमा कर्ता जुन लिङ्ग ,वचन, पुरुष र आदरमा हुन्छ, त्यही अनुसारक्रियाको मेल हुनुलाई कर्ता क्रियाको सङ्गति भनिन्छ ।साम्पाङ भाषामालिङ्ग बाहेकवचन, पुरुष र आदरमा मात्र सङ्गति पाइन्छ । नेपाली भाषामा कर्म र भाववाच्यमा पनि सङ्गति देखिन्छ । तर साम्पाङ भाषामा कर्म र भाववाच्यसम्बन्धी गहन अध्ययन हुन नसकेकालेपनि सङ्गति पाइदैन । नेपाली भाषामावचन, पुरुष र आदरका आधारमा नाम र सर्वनामबीच सङ्गति पाइन्छ । साम्पाङ भाषामा पनिनाम र सर्वनामबीच सङ्गति पाइन्छ । नेपाली भाषामा विशेषण र विशेष्य, भेदक र भेद्यका बीचमा लिङ्ग,वचन, पुरुष, आदरका आधारमा सङ्गति पाइन्छ तर साम्पाङ भाषामा पाइँदैन ।

परिच्छेद- पाँच

निष्कर्ष र सुझाव

५.१. निष्कर्ष

नेपालको संविधान २०७२ ले व्यवस्था गरेअनुसार नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन भनी उल्लेख भएअनुसार सरकारी कामकाजमा संवैधानिक मान्यता प्राप्त सर्वाधिक वक्ताहरूले बोल्नेनेपाली भाषा भारोपेली भाषा परिवार अन्तरगत पर्दछ ।साम्पाङ भाषा भोट बर्मेलीभाषा परिवार अन्तरगत किरात राई समूह भित्रको एक भाषा हो । यो भाषा साम्पाङ राई जातिहरूले आफ्नो मातृभाषाका रूपमा बोल्छन् । नेपनलको पूर्वी पाहाडी जिल्लाहरू खोटाङ र भोजपुरको पनि साम्पाङहरूको घना बस्ती भएको स्थानहरूमा बोलीने यस भाषाको परमपरागत लिखित साहित्य, दर्शन र अन्य सामग्री प्रशस्तनपाइए पनि बर्तमान अवस्थामा यस भाषाको संरक्षण,सम्वर्द्धनं र उत्थान का लागि विभिन्न प्रयासहरू भइरहेका छन् । देवनागरी लिपिलाई नै उपयोग गरी शव्दकोश, साहित्य, पाठ्यपुस्तक, पत्रपत्रिका लेखन र केही संचारका माध्यमद्वारा साम्पाङ भाषा सम्प्रेषित हुँदै आएको पाइन्छ ।नेपाली भाषामा जस्तो विस्तृत रूपमा सङ्गति व्यवस्था साम्पाङ भाषामा पाइदैन । साम्पाङ भाषामा नेपाली भाषामा जस्तो व्याकरणात्मकलिङ्ग भेद पाइदैन । नेपाली भाषामा दुई वचन पाइन्छ भने यस भाषामा तीन वचनकोव्यवस्था पाइन्छ । पुरुष व्यवस्था नेपाली भाषामा जस्तै प्रथम, द्वितीय र तृतीय गरीतीन किसीमको नैपाइन्छ । आदरमा भने नेपालीमा चार तहरहेका छन् तर साम्पाङ भाषामा कर्ता तीन तह देखिए पनि क्रियामा दुई तह मात्र पाइन्छ ।

नेपाली भाषामानाम, सर्वनाम, विशेषण र क्रियामा लिङ्ग ,वचन, पुरुष र आदरका आधारमा सङ्गति पाइन्छ । तर साम्पाङ भाषामा नाम, सर्वनाम,र क्रियामा वचन पुरुषका आधारमा सङ्गति पाइएतापनिलिङ्ग रविशेषणका आधारमा सङ्गति पाइदैन । अन्य व्याकरणात्मक अध्ययन,खोजअनुसधान गर्न धेरै बाकीँ रहेको पाइन्छ ।

५.२. सुझावहरू

५.२.३. अनुसन्धान तहका लागि सुझाव

नेपाल संवैधानिक राज्य रही आएतापनि आन्तरिम संबिधान २०६३, नेपाल संविधान २०७२ ले नेपालमा बोलिने सम्पूर्ण मातृभाषाहरूलाई पनि राष्ट्र भाषाको मान्यता दिए पछि राष्ट्र भाषाको रूपमा स्थापित हुन पुगेका भाषाहरूमध्यका एउटा भाषा हो किरात राईहरूले

बोल्ने साम्पाङ भाषा । यस भाषाको संन्दर्भमा खोज अनुसन्धान पहिला नभएतापनिवि. सं. २०६१ पछिमात्र केही लेख्य सामग्रीहरू प्रकाशनमा आएको पाइन्छ । यस भाषाको विषयमा खासै खोज अनुसन्धान नभएकाले अनुसन्धान गर्न धेरै विषयहरू बग्रेल्ती बाँकी रहेका देखिन्छन् ।

क) साम्पाङ भाषाको कथ्यमा रहेका व्याकरणात्मक कोटिलाई लेख्यमा ल्याउनु आवश्यक देखिन्छ ।

ख) अन्य भाषासँग पदवर्गमा तुलनात्मक अध्ययन गर्नु पर्ने आवश्यक देखिन्छ ।

ग) पदसङ्गतिमा त्रुटि विश्लेषण्न गर्नु पर्ने आवश्यक देखिन्छ ।

घ) क्रियाका रूपलाई अवस्था अनुसार प्रयोग गर्न अन्य भाषामा भ्हैँलेख्य व्यवस्था गर्नु पर्ने आवश्यक देखिन्छ ।

ङ) साम्पाङ भाषाका पर्यायवाची , श्रुतिसमभिन्नार्थी, विपरीतार्थी आदि क्षेत्रमा अध्ययन गर्नु पर्नेआवश्यक देखिन्छ ।

च) प्राथमिक तहमा पाठ्यक्रम, पाठ्यपुस्तक तयार गरी अध्ययन अध्यापन गर्न गराउन राज्यको ध्यानआर्कषण गराउनु पर्ने आवश्यक देखिन्छ ।

यस भाषाकोव्याकरणात्मक क्षेत्रको पहिलो पदसङ्गतिमा तुलनात्मक अध्ययन भएकालेअनुसन्धानको विषय र शीर्षकहरू प्रशस्त रहेका छन् । लोपोन्मुख अवस्थामा रहेको साम्पाङ भाषाको अध्ययन साम्पाङ, गैरसाम्पाङ जोसुकै बाट खोज अनुसन्धान गर्न सकिनेछ । यस भाषालाई जीवन्त राख्नका लागि सबैले चासोका साथखोज अनुसन्धान गर्नु आवश्यक छ ।

सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज (२०५९), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* (दोस्रो संस्करण), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

घिमिरे, दिनेश र ध्रुवप्रसाद निउरे(२०७०), *भाषिक अनुसन्धान विधि,*काठमाडौँ : सनसाइन पब्लिकेसन ।

चालिसे, पुष्पराज (२०५८), *नेपालको इतिहासको सभ्यता (प्राचीन र मध्यकाल),* रत्न पुस्तक भण्डार : काठमाडौँ, नेपाल ।

ज्ञवाली, रामप्रसाद र गणेशप्रसाद भट्टराई (२०६४). *अनिवार्य नेपाली,* काठमाडौँ: भुँडी पुराणप्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरान : नेपाल बुक डिपो ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,*काठमाडौँ : सनलाइट पब्लिकेसन ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६८), *सामान्य र प्रायोगिकभाषाविज्ञान,*काठमाडौँ : सनलाइट पब्लिकेसन ।

बन्धु, चूडामणि (२०४८),*भाषा विज्ञान,* (पाँचौं संस्करण), काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,*(तेस्रो संस्करण), भोटाहिटी, काठमाडौँ : तलेजु प्रकाशन ।

भट्टराई, डी.पी.र डिल्लीराम ढुङ्गेल (२०७२),*माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,*(तेह्रौं संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* ताहाचल : शुभकामना प्रा.लि.

राई, इन्दिरा (२०६८). *बान्तावा र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन,*स्नातकोत्तर, शोधपत्र, त्रि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

राई, ईश्वरकुमार (२०६३),*नेपाली र वान्तावा भाषाका पदवर्गको तुलनात्मक अध्ययन,*स्नातकोत्तर, शोधपत्र,सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

राई, खगेन्द्रबहादुर (२०६२), *किरात खम्बू साम्पाङ राई संक्षिप्त परिचय,*ललितपुर : किरात साम्पाङराई उत्थान समाज केन्द्रीय समिति ।

राई , टंकबहादुर (२०६०), *किरात इतिहासको रूपरेखा,*काठमाडौँ : उत्तरकुमार राई ।

राई नानुमति र अन्य (२०७२),*किरात साम्पाङराई मूद्दूम* (दोस्रो संस्करण) नेपाल : किरात साम्पाङराई जुम्लेखा ।

राई नोवलकिशोर (२०७१), "मुन्दुम किरात इतिहास र शास्त्रीय भाषाको स्रोत हो", तुवाचुङ जायजुम, २०७१ (अङक-२), पृष्ठ १४१ ।

राई विष्णुकुमार (२०६७), *भोजपुर जिल्लाका दक्षिण-पश्चिमी भेगका कक्षा-६ मा अध्ययनरत वान्तवा (राई) मातृभाषी विधार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन,* शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

राई, देवदास (२०५६),*भाषाको समानता-एक अध्ययन,* दार्जिलिङ : अखिल भारतीय किरात चुम्लुङ यसोसियसन।

राई, रीतादेवी (२०६४),*बान्तावा र नेपाली भाषाका रूपमा व्यतिरेकी अध्ययन पदसङ्गतिको तुलनात्मकअध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

राई, बमबहादुर (२०६३),*नेपाली र बान्तावा भाषाका व्याकरात्मक कोटिहरूको व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

राई, हस्तराम र अन्य (२०६७), *किरात साम्पाङराई मूद्दूम,* नेपाल : किरात साम्पाङराई जुम्लेखा ।

रापचा, लाल-श्याँकारेलु र अन्य (२०६५), *इन्डो-नेपाली भाषाहरू विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू,*काठमाडौँ:नेपाल किरातविज्ञान अध्ययन संस्थान ।

साम्पाङ, ताराजङ र सर्वधन साम्पाङ (२०६१), *किरात राई साम्पाङ गूङ;* खोटाङ :किरात राई साम्पाङ भाषा संरक्षण समिति ।

सुवेदी, नारायणदत्त (२०६०), *कक्षा ६ मा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

सुनुवार, नवीनकुमार (२०६७), *सुनुवार र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

नेपालको संविधान (२०७२), संविधान सभा सचिवालय, सिंहदरबार: काठमाडौँ, नेपाल

राष्ट्रिय जनगणना आयोगको प्रतिवेदन (२०६२), काठमाडौँ : नेपाल वोङ वाइ . एल ,

साम्पाङ राई शब्दकोश (साम्पाङ- नेपाली- अङ्ग्रेजी) ललितपुर : नेपाली राष्ट्रिय भाषा संरक्षण समिति ।